# जलवायु परिवर्तन रणनीति तथा कार्ययोजना

# लुम्बिनी प्रदेश


लुम्बिनी प्रदेश सरकार

**वन तथा वातावरण मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल २०८२

कार्यकारी सारांश


परिच्छेद १ परिचय ६

१.१ पृष्ठभूमी ६

१.१.१ जलवायु परिवर्तन र यसको प्रभाव ६

१.१.२ राष्ट्रिय तथा प्रादेशिक परिवेश ७

१.१.३ प्रादेशिक नीति तथा संस्थागत संरचना ११

१.२ रणनीति तथा कार्ययोजनाको आवश्यकता १३

१.३ रणनीति तथा कार्ययोजना तर्जुमाको विधि १४

परिच्छेद २ जलवायु परिवर्तन रणनीति तथा कार्यनीति १६

२.१ दुरदृष्टि १६

२.२ लक्ष्य १६

२.३ उद्देश्यहरु १६

२.४ विषयगत रणनीति तथा कार्यनीतिहरुको कार्ययोजना १६

२.४.१ कृषि तथा खाद्य सुरक्षा १६

२.४.२. वन, जैविक विविधता तथा जलाधार संरक्षण २१

२.४.३ जलश्रोत तथा उर्जा २५

२.४.४ ग्रामिण र शहरी बसोबास २८

२.४.५ उद्योग यातायात तथा भौतिक पूर्वाधार ३०

२.४.६ पर्यटन, एवं प्राकृतिक तथा सांस्कृतिक सम्पदा ३२

२.४.७ स्वास्थ्य खानेपानी तथा सरसफाई ३४

२.४.८ विपद जोखिम न्यूनीकरण र व्यवस्थापन ३६

२.४.९ लैंगिक तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन ३८

२.४.१० जनचेतना अभिवृध्दि तथा क्षमता विकास ४०

२.४.११ अनुसन्धान ,प्रविधि विकास तथा प्रसार ४१

२.४.१२ जलवायु वित्त व्यवस्थापन ४२

परिच्छेद ३ रणनीति तथा कार्ययोजना कार्यान्वयन ४४

३.१. संस्थागत संरचना ४४

३.२ अनुमानित बजेट ४४

३.३ तीन तहका सरकार र साझेदार संघसंस्थाहरुको भूमिका ४५

३.४ क्षमता विकास ४६

३.५ अनुगमन तथा मूल्यांकन ४६

३.५.१ अपेक्षित प्रतिफलको अनुगमन ४६

३.५.२. योजनाको कार्यान्वयनको अनुगमन ४६

३.५.३ कार्ययोजनाको अनुगमन ४७

३।५.४ मूल्याङ्कन ४७

३.६ सिकाई व्यवस्थापन ४८

३.७. जोखिम ४८

सन्दर्भ सामाग्री ४९

अनुसूची १ अनुमानित बजेट ५०

# कार्यकारी सारांश

मानव सिर्जित जलवायु परिवर्तन पृथ्वीको मुख्य शंकटको रुपमा देखिएको छ । यो समस्याले भौगोलिक, आर्थिक र समाजिक रुपमा संबेदनशिल नेपाल लगायत अति कम विकशित देशहरुमा बढी प्रभाव पार्ने गरेको छ । जलबायु परिवर्तनको नकारात्मक प्रभाव नेपालको राष्ट्रिय अर्थतन्त्र र जनजीवन  संग गासिएर आउने  धेरै क्षेत्रहरुमा परेको छ ।  नेपालले  यसको सामना गर्दै जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण गर्ने सबै खालका अन्तराष्ट्रिय सन्धी सम्झौताहरुमा प्रतिवध्दता र सक्रिय सहभागिता  जनाउदै आएको छ । यसै शिलशिलामा जलवायु उत्थानशील समाजको विकास गरी राष्ट्रको सामाजिक तथा आर्थिक समृद्धिमा योगदान पुर्‍याउन सरकारले राष्ट्रिय जलावयु परिवर्तन नीति २०७६,तेस्रो राष्ट्रिय निर्धारित योगदान प्रतिवेदन २०८२ र राष्ट्रिय अनुकुलन योजना २०७८ लागु गरी कार्यान्वयन गरेको छ । यी नीति र  योजनाहरुलाई कार्यान्वयन गर्न विभिन्न प्रदेशहरुले आफ्नो आवश्यकता तथा संभावना अनुरुप योगदान पुचाउन सक्दछन् । प्रदेशगत रुपमा योगदान पुचाउने लक्ष्यका साथ लुम्विनी प्रदेशले यो रणनीति तथा कार्ययोजन तयार पारेको छ ।

रणनीति तथा कार्ययोजना तयार पर्दा जलवायु परिवर्तन सम्बन्धी अन्तराष्ट्रिय सन्धी ,सम्झौताहरु र राष्ट्रिय नीतिहरुको पुनरावलोकन गरिएको तथा समुदायदेखि तीन तहका सरकारका प्रतिनिधि संलग्न वहुसरोकारवाला बीच परामर्श, सहभागिता, समावेशी र समुदायको मुल्य मान्यता जस्ता अवधारणलाई अवलम्बन गरिएको छ । तयारीका क्रममा सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण,नागरिकसमाज, निजीक्षेत्र, संचारकर्मी, महिला समूह, युवा तथा सामुदायिक संघ, संस्थासंग समेत छलफल गरी तिनीहरुबाट प्राप्त सुझावहरुलाई समाबेश गरिएको छ ।

रणनीति तथा कार्ययोजनाले जलवायु उत्थानशील, दिगो र समावेशी विकासउन्मुख सम्बृद्ध लुम्बिनी प्रदेशको परिकल्पना गरेकोको छ । यसको लक्ष्य जलवायु अनुकुल उत्थानशील समाजको सिर्जना तथा पारिस्थितिकीय प्रणालीको विकास गरी प्रदेशको आर्थिक एवं सामाजिक समृध्दिमा योगदान पुचाउने रहेको छ । यो रणनीतिमा तथा कार्ययोजनाले कृषि तथा खाद्य सुरक्षा, वन, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण, जलश्रोत तथा उर्जा, ग्रामिण र सहरी बसोबास, उद्योग, यातायात तथा भौतिक पूर्वाधार, पर्यटन, एवं प्राकृतिक तथा सांस्कृतिक सम्पदा, स्वास्थ्य, खानेपानी तथा सरसफाईका क्षेत्रमा अनुकूलन र न्यूनीकरणक रणनीति तथा क्रियाकलाप तय गरिएका छन् । साथै जलवायु परिवर्तन र जलवायूजन्य विपद्को अन्तर सम्बन्ध कायम हुने गरी विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनका उपायहरु समेत प्रस्तुत गरिएका छन् । यसका अतिरिक्त जलवायु परिवर्तनका विभिन्न विषयमा लैंगिक तथा सामाजिक समावेशिता कायम गर्ने एवं जोखिममा परेका व्यक्ति/समूहको जीविकोपार्जन सुधारका रणनीति तथा क्रियाकलाप प्रस्तुत गरिएका छन ।

यो रणनीति तथा कार्ययोजना कार्यान्वयनमा **प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय,** प्रदेशस्तरीय वातावरण तथा जलवायु परिवर्तन परिषद्, अन्तर मन्त्रालय जलवायु परिवर्तन समन्वय समिति जस्ता संस्थागत संरचना निर्माण गर्ने विषयसमेत उल्लेख गरिएको छ । यसका अतिरिक्त रणनीति तथा कार्ययोजना कार्यान्वयनमा तीन तहका सरकार,

साझेदार संघ-संस्था, निजी क्षेत्रलगायतको भूमिका समावेश गरिएको छ । रणनीति तथा कार्ययोजनाको कार्यान्वयनवाट नेपालले जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण गर्न तेस्रो निर्धारित राष्ट्रिय योगदानमा लुम्विनी प्रदेशको उल्लेख्य योगदान पुग्नेछ । लुम्विनी प्रदेशमा जलवायु परिवर्तनका कारण देखापरेका सवालको सम्वोधन गर्न प्रदेशले नेपालको संविधान २०७२ अनुसार वन तथा वातावरण संरक्षणमा दिगो व्यवस्थापन योजना, नीति र कानुन तर्जुमा गरि रहेको छ । जलवायु परिवर्तनका प्रभाव अनुकूलनका क्रियाकलाप सञ्चालनको लागि पहल भैरहेको छ । राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, राष्ट्रिय अनुकुलन योजना २०७८ र राष्ट्रिय निर्धारित योगदान २०८२ को मूलप्रवाहीकरण गरी कार्यान्वयन गर्न लुम्विनी प्रदेशमा प्रादेशिक जलवायु परिवर्तन रणनीति तथा कार्ययोजना आवश्यक रहेको महशुस गरी संघीय सरकार समेतको समन्वयमा  तयार गरिएको हो  ।

रणनीति  तथा कार्ययोजनाको अवधि १० वर्षको हुने छ । रणनीति तथा कार्ययोजना लक्षित कार्यक्रम सम्पन्न गर्न कूल वजेट **रु १३३४६०० लाख** लागत अनुमान गरिएको छ । यसको विस्तृत अनुमान **अनुसूची १** मा दिईएको छ । यो अनुमानित लागतमा आन्तरिक र बाह्य स्रोतहरुवाट योगदान हुने गरी प्रक्षेपण गरिएको छ । आन्तरिक स्रोतमा संघीय सरकारबाट प्राप्त हुने अनुदान, प्रदेश सरकारले विनियोजन गर्ने रकम, निजी र सामाजिक क्षेत्रबाट हुने योगदान रहने छन । बाह्य स्रोतहरुमा प्रेदेशमा प्राप्त हुने दातृ निकाय र विकास साझेदारहरुबाट प्राप्त हुने द्विपक्षीय र बहुपक्षीय सहयोग रहने छ । रणनीति र कार्ययोजनाको कार्यान्वयनमा लाग्ने कूल वजेट मध्ये आन्तारिक स्रोतबाट **६५ प्रतिशत** र बाह्य स्रोतबाट ३५ **प्रतिशत** योगदान हुने अनुमान गरिएको छ ।

आन्तरिक श्रोत मध्ये नीजि क्षेत्रबाट कृषि तथा खाद्य सुरक्षा,उर्जा उत्पादन, पयैटन,उद्योग क्षेत्रमा हुने अनुमान गरिएको छ । नीजि क्षेत्रको योगदान कूल रकमको **३० प्रतिशत** आँकलन गरिएको छ । संघीय,प्रदेश र स्थानीय सरकार तथा नीजि क्षेत्रबाट हुने योगदान घटाई कमी हुन जाने  रकम बाह्य क्षेत्रबाट हुनपर्ने अनुमान गरिएको छ । यसको लागि विकास साझेदार संग संघीय सरकारको समन्वय र सहयोग हुन आवश्यक छ ।

रणनीति कार्यान्वयनका लागि प्रदेश, स्थानीय तहका सरकारी एवं अन्य साझेदार संघ-संस्था, समुदायका सघं-सस्था तथा सञ्जालहरुको प्रत्यक्ष भूमिका रहने भएकाले क्षमता विकास आवश्यक छ । सम्बन्धित मन्त्रालय र प्रदेशस्तरीय अन्तरमन्त्रालय जलवायु परिवर्तन समन्वय समितिले रणनीति तथा कार्ययोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गरनेछ ।

# १. परिच्छेद १ परिचय

## १.१ पृष्ठभूमी

### १.१.१ जलवायु परिवर्तन र यसको प्रभाव

जलवायु परिवर्तन भन्नाले पृथ्वीमा मौशम र तापक्रममा हूने परिवर्तन हो । वैज्ञानिक अध्ययन तथा जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी मञ्च (Inter–governmental Panel on Climate Change, IPCC) का अनुसार मानवीय क्रियाकलाप तथा प्राकृतिक प्रणालीमा आएको अस्थिरताको कारणले लामो समयावधीमा जलवायुजन्य स्थितिमा देखिने परिवर्तन नै जलवायु परिवर्तन हो भनेर उल्लेख गरिएको छ । अहिले गरिएको जलवायु परिवर्तनको बहस मानवीय कृयाकलापका कारण सिर्जना भएको हो । मानवीय क्रियाकलापहरुमा जीवाष्म इन्धन (Fossile Fuel) को अत्याधिक उपयोग,वन जङ्गलको फडानी र प्रदुषण मुख्य रुपमा रहेका छन् । हाल सम्म मानव सिर्जित क्रियाकलापबाट पृथ्वीको औषत तापक्रम वृद्धि सन १८५० को तुलनामा १.३ डिग्री सेन्टीग्रेट पुगेको कारणले जलवायू परिवर्तन भएको छ र यसको प्रभाव अतिवृष्टी, खडेरी, सामुन्द्रिक आँधी वनडढेलो,बाढीपहिरो,चट्याङ,रोगव्यधी, जैविक विविधताको ह्रास आदि स्वरुपमा देखा परेको छ । नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेका राष्ट्रहरू मध्येमा पर्दछ । यसको असर वर्षेनी वढ्दै गएको, मानव समुदाय र अर्थतन्त्रमा समेत नराम्रो असर पारिरहेको छ । सन् १९७४-२०१४ सम्ममा नेपालको तापक्रम औसत ०.५६ डिग्री सेल्सियसले बढेको अध्ययनले देखाएको छ । नेपाल विश्वको कूल हरित गृह ग्याँस उत्सर्जन गर्ने राष्टमा नगण्य भूमिका रहेता पनि धरातलीय विविधता, कमजोर भौगर्भिक बनावट, संवेदनशील पारिस्थितिकीय प्रणाली, जलवायु क्षेत्रहरुमा रहेको विविधताले गर्दा नेपालमा जलवायू परिवर्तनको जोखिम उच्च रहेको छ ।

जलवायु परिवर्तनले समाज, अर्थव्यवस्था, भौतिक संरचना र पारिस्थितिक प्रणाली लाई असर गर्दछ । वन तथा वातावरण मन्त्रालयले तयार गरेको जलवायु परिवर्तनसम्बन्धी जोखिम संकटासन्न आंकलन प्रतिवेदन २०७८ अनुसार आगलागी, महामारी, भारी वर्षा, पहिरो, बाढी, भेलबाढी, हिमपहिरो र हिमताल विस्फोट, हावाहुरी, असिना, तातो हावा, शीतलहर, डढेलो, खडेरीलगायत घटनालाई जलवायुजन्य विपद्मा राखिएको छ । अन्तराष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र ( इसीमोड)को सन् २०२५ को प्रतिवेदन अनुसार जलवायुजन्य विपद्का घटनाका कारण नेपालको अर्थतन्त्रमा सन् २०१७-२०२१ सम्म प्रतिवर्ष कुल ग्राहस्त उत्पादनको २ प्रतिशतले नोक्सानी भएको छ । विभिन्न प्रतिवेदनमा जलवायुजन्य विपद्मा परेर मृत्यु हुनेको संख्या बढिरहेको र अर्थतन्त्रमा समेत असर पारिरहेको उल्लेख छ । सन् १९७१ देखि २०१९ सम्मका घटनाहरूलाई विश्लेषण गरेर तयार पारिएको प्रतिवेदन अनुसार जलवायुजन्य विपद्काघटनामा परेर औसतमा वार्षिक ६२०-६४७ जनाको ज्यान जाने गरेको तथ्यांक छ ।

## १.१.२ राष्ट्रिय तथा प्रादेशिक परिवेश

**जलवायू परिवर्तनको राष्टिय परिदृष्य**

सन १९८१-२०१० सम्मका आँकडाहरु विश्लेषण गर्दा नेपालमा वार्षिक औषत वर्षा १८३० मिलीमिटर हुन्छ भने, नेपालको सबै मौशमको औसत तापक्रम १२.१ डिग्री सेल्सियस हुने पुष्टि भएको छ तर जलवायू परिवर्तनको कारणले यो आँकडामा परिवर्नन हुने देखिएको छ।

संघीय वन तथा वातावरण मन्त्रालयले यस्का साझेदारहरुको सहयोगमा मौजुदा अवस्थाको बैज्ञानिक ,बस्तुपरक विश्लेषण गर्दै नेपालको जलवायू परिदृष्यको आँकलन गरी ऋष्बितभ ऋजबलनभ ायच ल्भउबत, द्ण्ज्ञढ प्रतिवेदन प्रकाशित गरेको छ। सन १९८१-२०१० लाई सन्दर्भ आधार अवधि वर्ष मानि सन २०१६-२०४५ लाई मध्यम अवधि र सन २०३६-२०६५ लाई दीर्घकालिन अवधि मानी भविश्यको जलवायू परिवर्तनको परिदृष्यको आँकलन भएको छ। अध्ययन प्रतिवेदनले जलवायू परिवर्तनको कारणले उल्लेखित अवधिमा वर्षात र तापक्रममा निम्न बमोजिम परिवर्तन हुने आँकडा प्रक्षेपण गरेको छ :

- मध्यम अवधिमा वार्षिक औषत वर्षा २-६ प्रतिशत र दीर्घकालिन अवधिमा ८-१२ प्रतिशतले बृद्धि हुने।
- मध्यम अवधिमा वार्षिक औषत तापक्रम ०.९-१.१ डिग्री सेल्सियस र दीर्घकालिन अवधिमा १.३-१.८ डिग्री सेल्सियस तापक्रम बृद्धि हुने।
- शताव्दीको अन्त्य सम्ममा वार्षिक औषत वर्षा ११-२३ प्रतिशत र वार्षिक तापक्रम १.७-३.६ डिग्री सेल्सियस पुग्ने अनुमान छ।

सो अध्ययन प्रतिवेदनले निम्न जलवायूजन्य अत्याधिक विपद् (Climate extreme disaster) को समेत प्रक्षेपण गरेको छ :

- वर्षातको तिव्रता (Intensity)अ त्याधिक हुने तर वर्षात हुने दिन घट्दा वर्षात सम्बन्धीत विपद् बाढी र पहिरोको प्रकोप बढ्ने।
- गर्मीका दिनहरु बृद्धि हुदै जाने र दिन रातको तापक्रममा बृद्धि हुने।
- अतिबृष्टि अनाबृष्टि र वर्षातको दिन समेत घट्ने हुनाले न्यून मनसुन हुने क्षेत्रमा थप सुख्खाग्रस्त क्षेत्रको रुपमा परिणत हुने।


जलबायू परिवर्तनको राष्ट्रिय परिदृष्य अनुसार नै लुम्विनी प्रदेशमा पनि प्रभाव पर्ने आंकलन गरी यस्को अनुकुलन गर्ने गरी यो रणनीति र योजनाको तर्जुमा भएको छ।

नेपाल हरितगृह ग्यास उत्सर्जन न्यून गर्ने राष्ट्र हुनाले ग्यास उत्सर्जन घटाउन नेपालले प्रयास गर्नु पर्दैन। हाम्रो प्रयास भने अनुकूलन क्षमतालाई 'विकास एजेण्डा' र 'बाँच्न पाउने रणनीतिका रुपमा विकास गर्दै लैजानेतर्फ ध्यान **केन्द्रित**

हुनुपर्ने देखिन्छ । यद्यपि नेपाल सरकारले आर्थिक विकासलाई असर नपुऱ्याई हरितगृह ग्यास उत्सर्जन घटाउने क्रमलाई पनि प्राथमिकतामा राखेको छ । नेपालले अधिकतम अनुकूलताको फाइदा र न्यून कार्बन उत्सर्जनका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने प्रतिबद्धता जनाएको छ, । नेपालले दिगो नहुने र खर्चिलो खनिज इन्धनमा परनिर्भरता घटाई आत्मनिर्भर बन्ने र पेट्रोलियम प्रदार्थको आयात गर्दा हुने खर्च कटौती गर्न प्रयोगमा ल्याउन सकिने वैकल्पिक हाइड्रो र सौर्य ऊर्जाको स्रोतलाई प्रोत्साहित गर्ने र असर न्यूनीकरणका उपाय अवलम्बन गर्ने हो । यातायातका साधनमा स्वच्छ ऊर्जाको स्तरोन्नति गरेर वायु प्रदुषण कम गर्न सकिने भएकोले नेपाल सरकारले यसलाई प्राथतमिकतामा राखेको छ ।

**प्रदेशको परिवेश**

नेपालको कुल क्षेत्रफलमध्ये लुम्बिनी प्रदेशमा २२,२८८ वर्ग कि.मी पर्दछ, जुन नेपालको कूल क्षेत्रफलको १५.१ प्रतिशत हो । पूर्वमा गण्डकी प्रदेश, पश्चिममा कर्णाली र सुदूर पश्चिम प्रदेश, उत्तरमा गण्डकी र कर्णाली प्रदेश र दक्षिणमा भारतसँग यस प्रदेशको सीमाना जोडिएको छ । समथर जमिनदेखि ७,२४६ मिटरको उचाई भएको पुथा हिमाल यस प्रदेशमा रहेको छ ।




*चित्र १ लुम्बिनी प्रदेश*

यो प्रदेशमा रहेका जम्मा १२ वटा जिल्लाहरु (चित्र नं. १) मध्ये हिमाली क्षेत्रमा एक (रुकुम पूर्व), पहाडी पाँच जिल्ला (रोल्पा, प्युठान, गुल्मी, अर्घाखाँची र पाल्पा), र तराइ तथा भित्रि मदेशका ६ (नवलपरासी पश्चिम, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके र बर्दिया) जिल्लाहरु पर्दछन् । यस प्रदेशमा ४ वटा उपमहानगरपालिका, ३२ वटा नगरपालिका तथा ७३ वटा गाउँपालिका गरी १०९ स्थानीय तह छन् । ती स्थानीय तहमा ९८३ वडाहरु छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार

यस प्रदेशको जनसंख्या ५१२२०७८ रहेको छ र १००६,४५० घर परिवार रहेको छ । यस प्रदेशको कुल जनसंख्यामध्ये ५२.० प्रतिशत नगरपालिकामा र ४८.० प्रतिशत गाउँ पालिकामा वसोवास गर्दछन।


लुम्बिनी प्रदेशमा ६५५.८२ हजार हेक्टर (२९ प्रतिशत) कृषि भूमि रहेको छ । प्रदेश जल, वन, जडीबुटी, जैविक स्रोत, प्राकृतिक सौन्दर्य, खानी र खनिजहरुले सम्पन्न रहेको छ । प्रदेशको कुल जमिनको ४५ प्रतिशत वनले र ५ प्रतिशत ( ५१.६४ प्रतिशत) झाडी बुट्यान एवं १३.६ हजार हेक्टर जल क्षेत्र रहेको छ । आवासले १४ प्रतिशत भूमि ओगटेको छ । प्रदेशमा ३२ वटा मुख्य जलाधार प्रणाली रहेका छन् जस अन्तर्गत ४४ वटा नदी तथा खोलाहरु रहेका छन् । यी मध्ये सबभन्दा लामो नदी राप्ती (२०७.७ कि.मी.) र दोस्रो लामो नदी बबई (१६८.८ कि.मी.) रहेको छ ।

**जलवायु परिवर्तनको अवस्था, प्रभाव र पूर्वानुमान** :

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, २०७८ ले तयार पारेको जोखिम संकटासन्न आँकलन प्रतिवेदनमा उल्लेखित सूचकांकको आधारमा लुम्बिनी प्रदेशका प्युठान र रोल्पा अति उच्च त्यस्तै पाल्पा, रुकुम पूर्व, गुल्मी, अर्घाखाँची उच्च सङ्कटासन्न अवस्थामा (तालिका १ र चित्र २) सूचीकृत छन्।

**तालिक १: लुम्बिनी प्रदेशको समग्र सङ्कटासन्नताको सूचकांक**

| सङ्कटासन्नता स्तरीकरण | जिल्ला |
|---|---|
| **अति उच्च** (०.७७८-१) | प्युठान र रोल्पा |
| **उच्च** (०.६२३-०.७७७) | पाल्पा, रुकुम पूर्व, गुल्मी र अर्घाखाँची |
| **मध्यम** (०.५०२-०.६२२) | परासी र दाङ |
| **न्यून** (०.१७९-०.५०१) | कपिलवस्तु, बाके, बर्दिया, र रुपन्देही |
| **अति न्यून** (०-०.१७८) | |




नक्सा २: लुम्बिनी प्रदेशको सङ्कटासन्न नक्सा

सोहि प्रतिवेदनमा लुम्बिनी प्रदेशमा महामारी, आगलागी, बाढी, वन डढेलो, पहिरो जस्ता जोखिम रहेका छन । ती जोखिमहरु धेरै देखिने जिल्लाहरुमो बाके, दाङ र रुपन्देही पर्दछन् ।

जल तथा मौसम विज्ञान विभागले २०१७ मा प्रकाशन गरेको जलवायु तथ्याङ्कको विश्लेषण (सन १९७१ देखि २०१४ सम्म) अनुसार प्रदेशका जिल्लाहरुमा वर्षाको प्रवृत्ति घट्दै गएको देखाउछ । रोल्पा जिल्लामा सबैभन्दा धेरै घट्दोक्रम (-५.१९ मि.मि/वर्ष) छ, भने कपिलवस्तु जिल्लामा सबैभन्दा कम (-२.१७ मि.मि/वर्ष) घट्दोक्रम छ । १२ जिल्लामध्ये बाँके, बर्दिया, गुल्मी, पाल्पा र परासी जिल्लामा मात्र वर्षाको प्रवृत्ति बढेको छ ।

बढ्दो तापक्रम र वर्षातमा विविधताका कारण हुनसक्ने विपद् तथा जोखिमलाइ आकलन गरी योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने देखिन्छ । यसको आधारमा गर्मी मौसममा सुख्खाको जोखिम बढ्न गई जनजीवनमा प्रभाव पार्ने, पानीका स्रोतहरू सुक्ने, आगलागी बढ्नसक्ने पूर्वानुमान गर्न सकिन्छ । अतिवृष्टि, अनावृष्टि जस्ता मौसम परिवर्तनका असरले यस प्रदेशको कृषि उत्पादनलाई प्रभावित पार्ने गरेको पाईएको छ ।

लुम्बिनी प्रदेशको १२ वटा जिल्लाको वार्षिक औषत अधिकतम तापक्रम बढ्दो छ । रुकुम पूर्व (साविक रूकुम) जिल्लामा सबैभन्दा बढी ०.०६४ डिग्री सेल्सियस छ । बाँकेमा सबैभन्दा कम ०.०२ डिग्री सेल्सियर्स छ जसका कारण विपद् तथा जलवायुजन्य प्रकोपका घट्ना बढने अनुमान गर्न सकिन्छ ।

जलवायुजन्य जोखिम तथा विपद्‌ले कुनै विशेष वर्ग, जात, उमेर समूह आदि लाई लक्षित नगर्ने भए तापनि यस्ता वर्ग, जात, उमेर समूहको सम्वेदनशीलता एवं अनुकूलन क्षमताका आधारमा यसको प्रभाव फरक पर्दछ । विभिन्न प्रतिवेदन साथै जिल्लास्तरमा गरिएका छलफलमा जलवायु परिवर्तनको प्रभावले बढी मात्रामा महिला, अति विपन्न, प्रौढ, अपांगता भएका ब्यक्ति, एकल महिला र वालबालिकाहरुलाई असर गरेको देखिन्छ । त्यसमा पनि लुम्बिनी प्रदेशमा अल्पसङ्ख्यक समुदायको समेत बसोवास रहेको हुँदा यस्ता वर्गहरुलाई धेरै प्रभाव पर्दछ ।

## १.१.३ प्रादेशिक नीति तथा संस्थागत संरचना

**नीतिगत तथा कानुनी व्यवस्था**

राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले जलवायु उत्थानशील समाजको सृजना गरी राष्ट्रको सामाजिक आर्थिक समृद्धिका लागि योगदान पुऱ्याउने लक्ष्य लिएको छ । वातावरण संरक्षण ऐन २०७६ ले जलवायु परिवर्तनबाट स्थानीय समुदाय, पारिस्थितिकीय प्रणालीमा परेको प्रतिकूल असर तथा जोखिमको बिषयमा आवधिक रुपममा अध्ययन गरी विवरण सार्वजनिक गर्नुपर्ने प्रावधान रहेको छ। सोहि ऐन को दफा २४ मा जलवायु परिवर्तनको प्रतिकूल असर र जोखिमबाट बच्न राष्ट्रियस्तरमा मन्त्रालयले, प्रदेशस्तरमा प्रदेश मन्त्रालय र स्थानीयस्तरमा स्थानीय तहले अनुकूलन योजना बनाई कार्यान्वयन गर्ने प्रावधान उल्लेख छ। त्यस्तै सोहि ऐनको दफा २५ ले मन्त्रालय, प्रदेश सरकार र स्थानीय निकायले जलवायु परिवर्तन न्यूनीकरणको कार्यक्रम बनाई लागु गर्नसके व्यवस्था रहेको छ। यसैगरी वातावरण संरक्षण नियमावली २०७७ मा राष्ट्रिय अनुकूलन योजना बनाउनुपर्ने, हरित गृह ग्यास उत्सर्जन गर्ने क्षेत्र उर्जा, उद्योग, कृषि, वन तथा अन्य भू-उपयोग र फोहोरमैलाको आधार तयार पर्नुपर्ने, न्युनीकरणका कार्य गर्नुपर्ने र विवरण प्रत्येक १० वर्षमा अध्यावधिक गर्नुपर्ने प्रावधान रहेको छ ।

प्रदेशको विकास र वातावरणबीच समुचित सन्तुलन कायम राखी दिगो विकास प्रवर्धन गर्न, विकास क्रममा मानिसका क्रियाकलाप र जलवायु परिवर्तनका कारण मानव, प्रकृति र वातावरणमा हुनसक्ने प्रतिकुल प्रभाव, जोखिमलाइ कम गर्न र पीडितलाई क्षतिपुर्ति भराउने व्यवस्था गर्ने उद्देश्यले लुम्बिनी प्रदेशसभाले प्रदेश वातावरण संरक्षण ऐन, २०७७ र नियमावली २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। यसले नागरिकको स्वच्छ र स्वस्थ्य वातावरणमा बाच्न पाउने मौलिक हकको सुनिश्चित गरेको छ। यस ऐनमा भएका व्यवस्थाले दिगो विकास, जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकुलन, स्वच्छ र स्वस्थ्य वातावरण कायम गर्न वातावरणीय अध्ययन, परीक्षण, विश्लेषण, वातावरणीय पार्श्व चित्र बनाउने, रणनीतिक योजनाको तयारी र कार्यान्वयन, प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन, नदी संरक्षण, वातावरण संरक्षणका मापदण्ड र परीक्षणका लागि प्रयोगशालाको आवश्यक व्यवस्था गरेको छ ।

प्रदेश वन ऐन २०७८ र नियमावली २०७९ कार्यान्यन भइ प्रदेश वन क्षेत्रको व्यवस्थापन गर्दै वन, वनस्पती,प्राणी तथा प्राणीजन्य जैविक भइरहेको छ । लुम्विनी प्रदेशका, प्रदेश विपद व्यवस्थापन ऐन २०८१, प्रदेश विपद व्यवस्थापन कार्य सञ्चालन निर्देशिका २०७७, प्रदेश विपद जोखिम कार्ययोजना २०७९-२०८७ प्रदेशको विपद् न्यूनिकरण र व्यवस्थापन

गर्ने आधारस्तम्भ बनेको छ भने वन डढेलो रोकथाम, नियन्त्रण तथा व्यवस्थापन आकस्मिक योजना २०८१ ले प्रदेशको वन डढेलोलाई व्यवस्थापन गर्ने मार्ग दर्शन बनेको छ ।

प्रदेशको दिगो विकास र संबृद्धिको चाहानालाई मूर्तरुप दिन प्रदेश सरकारले दोस्रो आवधिक योजना २०८१/८२-२०८५/८६ निर्माण गरेको छ । पञ्चवर्षीय विकास योजनाले "सम्बृद्ध लुम्विनी सुखी नागरिक दीर्घकालिन सोच र दिगो र समावेशी आर्थिक विकास सहितको सामाजिक न्यायमा आधारित समुन्नत समाज निर्माण गर्ने लक्ष्य लिएको छ । योजनाले वन र वातावरण क्षेत्रलाई छुट्टै परिच्छेदमा राखी हरित अर्थतन्त्र, वन व्यवस्थापन, वातावरण र जैविक विविधता संरक्षण,जलाधार क्षेत्र,जलबायू परिवर्तन र मानव बन्यजन्तु द्बन्द जस्ता उपक्षेत्रलाई महत्वका साथ विश्लेषण गरी कार्यान्वयन गर्ने रणनिति ,कार्यनीति र समयवद्ध परिणत्मक लक्षयहरु उल्लेख गरेको छ । पञ्चवर्षिय योजना लागु गर्न कूल लागत रु १४९९०६ करोड अनुमान गरिएकोमा कृषि,वन तथा मत्स्य क्षेत्रहरुलाई रु १६७६५ करोड रकम छुट्याइएको छ ।

## जलवायु परिवर्तन व्यवस्थापन

वन तथा वातावरण मन्त्रालयको सङ्कटासन्नता तथा जोखिम अध्ययन प्रतिवेदन २०७८ अनुसार नेपालका सात प्रदेशमध्ये लुम्बिनी प्रदेश रोग कीराको महामारी, आगलागी, वन डढेलो, बाढीपहिरो तथा जलवायुजन्य जोखिमका आधारमा क्रमशः सातौ र पाँचौ स्थानमा राखेको छ । यी प्रदेशका सबै भौगोलिक क्षेत्रमा तापक्रम वृद्धिदर, बर्षा, सुख्खा खडेरी समान छैनन् । उच्च पहाडि क्षेत्रमा तापमान वृद्धिदर तराइ भित्री मधेशमा भन्दा बढी छ भने बर्षा हुने समय घटिरहेको र बर्षाको सघनता वृद्धि भइरहेको छ। जलवायु परिवर्तनको व्यवस्थापनमा सबै क्षेत्रसँगको समन्वय, सहकार्य, विपद जोखिम बिश्लेषण, पूर्व तयारी र प्रभावका क्षेत्रको प्राथमीकरणसहितको जलवायु परिवर्तन अनुकुलन तथा न्यूनीकरण योजनाको तयारी र प्रभावकारी कार्यान्वयनको आवश्यकता छ ।

लुम्बिनी प्रदेशको वन तथा वातावरण मन्त्रालयले राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ का संस्थागत र कानूनी व्यवस्थामा उल्लेख भए बमोजिम जलवायु परिवर्तन व्यवस्थापन गर्न यस सम्बन्धी प्रदेश स्तरीय नीति, रणनीति र योजना बनाई मूल प्रवाहिकरण गर्नु पर्ने छ। यसैगरी प्रदेशको आवधिक योजना अन्तर्गतका जलवायु परिवर्तन अनुकुलन तथा न्यूनीकरण, उत्थानशील प्रदेश निर्माणका लक्ष्य हासिल गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति, रणनीति, कार्यनीति र प्रदेशको आवधिक योजनाको सम्बन्धित विषयगत मन्त्रालय एवं स्थानीय तहबाट अन्तर बिषयगत नीति समावेश गरी आ-आफ्ना योजना तथा कार्यक्रममा समाबेश गरी कार्यान्वयन गर्ने छन् । सबै स्थानीय तहले पनि संघ र प्रदेशको नीति, रणनीति, निर्देशिका, मापदण्ड अनुसार आफ्ना आवश्यक नीति तथा कानून कायान्वयन गर्न संरचना निर्माण र राष्ट्रिय अनुकूलन खाका बमोजिम आ-आफ्ना स्थानीय तहका जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकुलन योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने छ। प्रदेशभित्र सञ्चालित योजना तथा कार्यक्रमको प्रदेश सरकारको जलवायु परिवर्तनसम्बन्धी हेर्ने वन तथा वातावरण मन्त्रालयले अनुगमन गरी सम्बन्धित सबैलाई पृष्टपोषण गर्नेछ ।

**प्रादेशिक प्राथमिकिकरण र तेस्रो निर्धारित राष्ट्रिय योगदान २०८२**

लुम्बिनी प्रदेशले आफ्नो दास्रो पञ्चबर्षीय योजनामा विकासको तथ्यपरक योजना तथा कार्यक्रम प्रस्तुत गरको छ। सबै बिषयगत क्षेत्रका सम्भावित विकास कार्यक्रम आवश्यकताका आधारमा एकीकृत योजनाका रुपमा प्रस्तुत गरिएका छन् । आवधिक योजनाले समृध्द प्रदेश, सुखी जनता दीर्घकालीन सोच, दिगो, स्वच्छ वातावरण सन्तुलित विकास र समन्यायिक फराकिलो आर्थिक विकासका विभिन्न अवसरको सिर्जना गर्ने लक्ष्य प्राप्ति गर्ने उद्देश्य सहितका कार्यक्रम तर्जुमा गरेको छ। योजनाले कृषि, पर्यटन, उत्पादनमूलक उद्योग, मानव साधन र भौतिक पुर्वाधार विकासलाई प्राथमिकीकरण गरेको छ। आयोजनाले समन्यायिक र समानतालाइ प्रवर्धन गर्न अन्तरसम्बन्धित कार्यक्रम लैगिक समावेशीकरण, सुशासन विकास, वन वातावरण र जलवायु परिवर्तन अनुकुलन तथा न्यूनीकरणका साथै विपद जोखिम व्यवस्थापनका कार्यक्रम पनि समावेश गरिएका छन् ।

लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाको नतिजा खाकामा प्रस्तुत बिषयगत क्षेत्रका कार्यक्रम अध्ययन गर्दा प्रदेशमा २०८५-८६ सम्ममा १०० मेगावाट जल विद्युत उत्पादन गर्ने र १०० प्रतिशत घरधुरी ( सौर्य उर्जा समेत) विद्युतमा पहुँच पु-याउने लक्ष्य छ। त्यस्तै विद्युतीय चुल्लो तथा विद्युतीय सवारी साधनमा जोड दिने, परम्परागत खाना पकाउने उर्जालाई विद्युतीय उर्जाले प्रतिस्थापन गर्ने, सडक बत्ती र घरायसी उर्जाको लागि सौर्य उर्जा प्रयोग गर्ने कार्यनीति प्रदेशले लिएको छ। त्यस्तै हरित अर्थतन्त्र अन्तर्गत नीजी कृषि बन, सडक किनार बृक्षारोपण गर्ने लक्ष्य छ। वनले ढाकेको क्षेत्रफल ५२ प्रतिशत पु-याउन वनको दिगो व्यवस्थापन गर्दै काठ उत्पादनमा आत्मनिर्भर बन्नुको साथै हरित रोजगारीका अवसरहरु सिर्जना गर्ने लक्ष्यहरु राखिएकको छ।

**संस्थागत संरचना**

लुम्बिनी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेशस्तरको वातावरण संरक्षण, व्यवस्थापन र यस सम्बन्धी कानून, नियम, मापदण्ड, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी वन तथा वातावरण मन्त्रालयलाई तोकिएको छ । तथापि जलवायु परिवर्तनसँग सम्वन्धित कार्य अन्य निकायहरुको साझा दायित्वभित्र पर्दछन्। यसका लागि, प्रदेश सरकार, आर्थिक मामिला, योजना तथा नीति मन्त्रालय, प्रदेश योजना आयोगले प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र बार्षिक विकास कार्यक्रमको तर्जुमा गर्दा जलवायू न्यूनीकरण तथा अनुकूलन योजना तथा कार्यक्रम बिषयगत क्षेत्रका योजना मुलप्रवाहीकरण गर्ने प्रमुख भूमिका रहेको छ। रणनीति तथा कार्ययोजनाको कार्यान्वयनमा क्षेत्रगत निकाय, स्थानीय तह,निजी क्षेत्र, समुदाय तथा विकास साझेदारको समेत महत्वपूर्ण भूमिका रहन्छ।

## १.२ रणनीति तथा कार्ययोजनाको आवश्यकता

जलवायु परिवर्तन अनुकूलन तथा न्यूनिकरणका लागि नेपालमा विभिन्न किसिमका प्रयासहरु भएका छन् । जलवायु परिवर्तन नीति २०७६, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनिकरणका लागि तेस्रो राष्ट्रिय निर्धारित योगदान २०८२,

राष्ट्रिय अनुकूलन योजना २०७८ जस्ता राष्ट्रिय नीति तथा योजना तर्जुमा भएका छन । सो अनुरुप कार्यक्रम अगाडी बढाउदै जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका कार्य गर्ने प्रतिवध्दता नेपाल सरकारले विभिन्न सन्धि र सम्झौतामा व्यक्त गरेको छ । यी नीति तथा योजनालाई प्राप्त  गर्न सबै प्रदेशहरुले नीतिहरुको मूलप्रवाहीकरण गरी आवस्यकता तथा क्षमता अनुरुप योगदान पुचाउनु पर्दछ । त्यसैले जलवायु परिवर्तन नीति राष्ट्रिय अनुकूलन योजना तथा राष्ट्रिय निर्धारित योगदानको लक्ष्य पूर्तिको लागि प्रदेशगत रुपमा जलवायु परिवर्तन सम्बन्धी नीतिको आवश्यकता परेकोले लुम्विनी प्रदेशले यो रणनीति तथा कार्ययोजन तयार पारेको छ ।


संघीय संरचना अनुरुप जलवायु परिवर्तनका मुद्दाहरुलाई  सबै तहका सरकारका नीति तथा कार्यक्रममा एकीकृत गर्दै जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनसँग सम्बन्धित कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न एवम् जलवायुमैत्री विकासद्वारा नेपाल सरकारले लिएको **समृद्ध नेपाल, सुखी नेपाली** तथा लुम्विनी प्रदेश सरकारको **समृद्ध लुम्विनी, सुखी नागरिक** को अवधारणालाई टेवा पुऱ्याउन यो रणनीति तथा कार्ययोजना सहयोगी हुनेछ ।

## १.३ रणनीति तथा कार्ययोजना तर्जुमाको विधि

रणनीति तथा कार्ययोजन तयार पार्दा समुदायदेखि तीनतहका सरकारहरुको संग्लनतामा वहुसरोकारवाला बीच परामर्श,सहभागितामूलक, समावेशी र समुदायको मुल्य र मान्यता जस्ता अवधारणलाई अवलम्बन गरी तयार गरिएको छ । तयारी प्रक्रियामा निम्न अनुसारको विधि तथा चरणहरु अवलम्बन गरिएको थियो :

- संदर्भ सामग्रीको अध्ययन र विश्लेषणः जलवायुसम्वन्धी अन्तराष्ट्रिय संधीसम्झौता, राष्ट्रिय प्रयास, प्रदेशको नीति तथा कार्ययोजना विश्लेषण,
- जलवायु परिवर्तनसंग सम्वन्धित सरोकारवालाहरुको पहिचान तथा संलग्नताको विश्लेषण,
- प्रदेशको वातावरण तथा जलवायु परिवर्नतसम्वन्धी नीति क्रियाकलापको प्राथमिकता र कार्ययोजनाको विश्लेषण,
- प्रदेश तहमा बहुसरोकारवाहरुको संलग्नतामा जलवायु परिवर्तन रणनीति तथा कार्ययोजन प्रारम्भ गोष्ठी सञ्चालन,
- जिल्ला तथा स्थानीय तहका सरकारी निकाय, नागरिक समाज, निजी क्षेत्र, स्थानीय  निकाय, सञ्चारकर्मी, महिला समूह, युवा तथा सामुदायिक संघ, संस्थाको संलग्नता छलफल तथा सुझाव संकलन,
- जलवायु परिवर्तन रणनीति तथा कार्ययोजना मस्यौदा प्रदेशस्तरीय गोष्ठीमा प्रस्तुति र अनुमोदन गरिएको,
- प्रदेशस्तरीय गोष्ठीवाट प्राप्त सुझाव अनुसार रणनीति तथा कार्ययोजनालाई अन्तिम रुप दिईएको ।

रणनीति तथा कार्ययोजना तयार पर्दा अवलम्बन गरिएको विधि र प्रक्रिया चित्र १ मा प्रस्तुत गरिएको छ :




*चित्र १. रणनीति र कार्ययोजना तयारी प्रक्रिया*

# परिच्छेद २ जलवायु परिवर्तन रणनीति तथा कार्यनीति

## २.१ दुरदृष्टि

जलवायु उत्थानशील दिगो र समावेशी विकासपथ उन्मुख सम्बृद्ध लुम्बिनी प्रदेश

## २.२ लक्ष्य

जलवायु उत्थानशील समाज एवं पारिस्थितिकीय प्रणालीको विकास गरी प्रदेशको आर्थिक एवं सामाजिक समृद्धिमा योगदान पुचाउने

## २.३ उद्देश्यहरु

- सङ्कटासन्न र जोखिममा रहेको समुहको अनुकूलन क्षमता अभिवृद्धि गर्ने,
- सङ्कटासन्न पारिस्थितिकीय प्रणालीको उत्थानशीलाताको विकास गर्ने,
- कार्बन भण्डारण वृद्धि र हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने,
- जलवायूजन्य विपद् जोखिम न्यूनिकरण गर्ने,
- जलवायु परिवर्तनसँग सम्वन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था एवं प्रदेशबाट प्राप्त स्रोतको न्यायोचित र प्रभावकारी परिचालन गर्ने,
- जलबायु परिवर्तनका सम्वन्धमा अनुसन्धान र प्रविधिको विकास गर्ने,
- विकास कार्यक्रममा जलवायु परिवर्तनलाई मूलप्रवाहीकरण गर्ने र जलबायू अनुकुलन विकासको प्रवर्धन गर्ने,
- जलवायु परिवर्तनसम्वन्धी कार्यक्रममा लैंगिक तथा सामाजिक समवेशीकरणको विषयलाई आन्तरिकिकरण गर्ने,
- आन्तरिक र बाह्य जलवायू वित्तको सुनिश्चित गर्ने रणनीति अख्तियार गर्ने ।

## २.४ विषयगत रणनीति तथा कार्यनीतिहरुको कार्ययोजना

### २.४.१ कृषि तथा खाद्य सुरक्षा

प्रदेशको कुल क्षेत्रफलको २९ प्रतिशत जमीन खेती योग्य रहेको छ । कृषि प्रदेशको झण्डै दुइ तिहाइ जनसंख्याको जीविकोपाजर्नको माध्याम पनि हो प्रदेशको कुल खेती योग्य जमीन मध्ये ८२.२ प्रतिशतमा खेती गरिएको छ भने १८ प्रतिशत बाँझो जमीन छ। नवलपरासीदेखि बर्दियासम्मको तराइ, भित्री मधेशको जग्गा र पहाडी उपत्यकाका फाँटहरु, प्रदेशका उर्वर जमीन हुन । सिँचित क्षेत्रको विस्तार, गुणस्तरीय कृषि उत्पादनहरुको उपलब्धता, उत्पादनहरुको बजारीकरणमा वृद्धिको माध्यमबाट उत्पादकत्वमा अझै वृद्धिको सम्भावना छ। यस प्रदेशको कृषि क्षेत्रमा प्रमुख समस्यामा कृषि उपकरणको अभाव, सिँचाइ सुविधाको अभाव, वैज्ञानिक कृषि प्रणालीमा प्रयोग नहुनु, कृषि क्षेत्रमा सरकारी लगानी

कम हुनु कृषियोग्य जमीन बाँझो जग्गामा परिणत हुनु आदि पर्दछन । परम्परागत निर्वाहमुखी खेती प्रणालीलाइ आधुनिकीकरण र व्यावसायीकरण बनाउनु, प्रतिश्पर्धी क्षमता बढाउनु, बर्षैभरी सिचाइ सुविधा गराउनु यसका प्रमुख चुनौति हुन् । जलवायु परिवर्तनको कारण उत्पन्न भएको चरम खडेरी र भारी वर्षाले निम्त्याएको बाढीका कारण पनि कृषि क्षेत्र र खाद्य सुरक्षामा असर गर्ने क्रम बढेको छ। बन्यजन्तु खासगरी पहाडमा बाँदरको संख्या वृद्धि हुँदा कृषि वालीको हानी नोक्सानी बढेको छ । राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले जलवायु मैत्री कृषि प्रणाली अवलम्वन गरी खाद्यन्न सुरक्षा, पोषण तथा जीविकोपार्जनमा सुधार गर्ने नीति लिएको छ। नीतिलाई प्रदेश स्तरमा मूलप्रवाहिकरण गरी प्रदेशका कृषि सम्बन्धी समस्या समाधान गर्दै लैजान निम्नानुसार रणनीति तथा कार्यनीति तजुमा गरिएको छ

| क्रासं। | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | प्रदेश भू-उपयोग नीति र ऐनको तर्जुमा गरी कार्यान्वयनबाट सबै स्थानीय तहको भूमीको उचित व्यवस्थापन गर्ने, | क. राष्ट्रिय भ-ूउपयोग नीति र ऐन अनुकूल भूमीको क्षमता र उत्पादकत्वको आधारमा उचित व्यवस्थापन गर्न प्रदेश सरकारले भूउपयोग नीति, आवश्यक कानून तथा मापदण्ड निर्माण गरी लागू गर्नेछ,<br>ख. भू-उपयोग नीति अनुसार सबै स्थानीय तहले भू-उपयोग योजना तयार गरी लागु गर्ने छन्,<br>ग. भू-उपयोगिता र क्षमताका आधारमा विविध कृषि बालीको छनौट र उत्पादन गर्ने,<br>घ. बाँझो र कम उत्पादन क्षमता भएका जमीनमा बहुबर्षे बाली,फलफूल, जडिबुटी र कृषि वन प्रवर्द्धन गर्ने,<br>ङ. कृषि भूमिको खण्डीकरण र उपयोगको परिवर्तनलाइ निरुत्साहित गर्ने ।<br>च. बाँझो जग्गा उपयोग गर्न प्रदेश स्तरीय नीति तर्जुमा गर्ने,<br>छ. नदी उकास जमीनको उपयोग गर्ने,आवश्यकता अनुसारका नीति र कानुनी संरचना बनाई कार्यान्वयन गर्ने । |
| २ | भौगोलिक क्षेत्रमा कृषि बालीका वीउ (जीन) बैंक स्थापना गरी कृषकले चाहेका बालीको गुणस्तरीय वीउ सहज उपलब्ध गराउने | क. सबै प्रकारका भौगोलिक क्षेत्रमा कृषकका चाहना, हावापानी सुहाउँदा र जलवायु अनुकूलका कृषि बालीको पहिचान गर्ने,<br>ख. स्थानीय तहसँगको सहलगानीमा कृषक, कृषक समूह वा कृषि सहकारीको सहभागिता र सम्बन्धित विशेषज्ञको प्राविधिक सल्लाहमा वीउ बैक स्थापना गर्ने, |

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| | | ग. स्थानीय स्वदेशी र परम्परागत बाली र तिनका किसिमको संरक्षण प्रवर्धन गर्ने । |
| ३ | जलवायु उत्थानशील खेती प्रणालीको प्रवर्धन गर्ने | क. कम्पोष्ट (प्राङ्गारिक) मल र गड्यौला मल उत्पादन उद्योग स्थापना र मलको बिक्री वितरणलाइ प्रोत्साहन र सहुलियत उपलब्ध गराउने,<br>ख. निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायीक खेतीमा रुपान्तरण गर्न सहजीकरण गर्ने र उत्पादन देखि बजारीकरण सम्मका मुल्य श्रृङ्खला (Value chain) प्रवर्धन गर्ने,<br>ग. माटो परीक्षण सुविधा उपलब्ध गराउने,<br>घ. बधुवा पशुपालनमा प्रवर्द्धन, गोठ तथा खोर सुधार र सुविधाको व्यवस्था गर्ने ।<br>ङ. वायो ग्यास स्थापना प्रवर्धन र सहुलि यतमा उपलब्ध गराउने,<br>च. जैविक विषादिको स्थानीय ज्ञान र सीपको पहिचान, प्रवर्धन र उन्नत प्रविधि विकास विस्तार गर्ने,<br>छ. जैविक विषादि उत्पादन गर्ने उद्यम विकास र उद्योग स्थापनालाइ प्रोत्साहन र सहुलियत प्रदान गर्ने,<br>ज. स्थानिय श्रोत व्यक्ति तथा अगुवा कृषकलाई प्रशिक्षक प्रशिक्षण तालिम र कृषक पाठशाला स्थापना गर्ने ।सहभागितामूलक वाली सुधार एकीकृत रोग कीरा नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने,<br>झ. रासायनिक विषादी प्रयोगमा कमी ल्याउन कृषि बजारको नियमित अनुगमन नियन्त्रण गर्ने,<br>ञ. कृषिमा आधारित मौसमसम्बन्धी सूचनाका सेवा प्रवाह गर्ने ।<br>ट. कृषिसँग सम्वन्धित जलवायु पूर्व सूचना प्रणाली (Early Warning System) स्थापना गरी कृषक समुदायहरुलाई सूचना प्रवाह गर्ने । लैङ्गिक मैत्री कृषि औजार र यन्त्र उपलब्धतामा सहयोग गर्ने ।<br>ठ. जलवायु मैत्री कृषिको अवधारणा अवलम्वन गर्ने । |
| ४ | संरक्षित खेती प्रणालीको विकास, प्रवर्द्धन र विस्तार गर्ने | क. बाली चक्र प्रणाली अवलम्बन गर्ने, |

| क्र।सं। | रणनीति | कार्यनीति |
| --- | --- | --- |
| | | ख. माटोको चिस्यान जर्गेना गर्न जमीन छोप्ने वा कभर खेती, छापो राख्ने,कम खनजोत र कोषे बाली मिश्रित खेती गर्ने,<br>ग. सुख्खा खेतबारीमा पानी संरक्षण पोखरी निर्माण तथा थोपा सिचाई प्रणाली अवलम्बन गर्ने,<br>घ. मिश्रित खेती प्रणालीको अवलम्बन गरी बालीको विविधीकरण र उत्पादकत्व बढाउने कार्य गर्ने । |
| ५ | सामुदायिक अन्न भण्डार (धर्म भकारी) प्रवर्द्धन गर्ने । | क. जलवायुजन्य संकटमा खाद्यान्न सुरक्षाका लागि गाउमा सामुदायिक अन्न भण्डारको पुर्वाधार जोखिम आँकलन गरी निर्माण गर्ने,<br>ख. सबै घर परिवारको सहभागिता र स्थानीयको अनुदानमा अन्नको जगेर्ना गर्ने,<br>ग. स्थानीय वडा, सहभागी घरधुरीको प्रयासमा संस्थागत ञ्चालन विधि र विधान निर्माण गरी सञ्चालन गर्ने । |
| ६ | कृषि उपजको उतपादन, उत्पादकत्व वृद्धि गर्ने, खाद्य सुरक्षा र प्रतिस्पर्धी क्षमता विकास गर्ने | क. सिंञ्चित क्षेत्रको विस्तारसंगै सघन बाली प्रणाली अपनाउन प्रोत्साहन गर्ने,<br>ख. उच्च मुल्यका बाली पहिचान र प्रवर्द्धन गर्ने,<br>ग. स्मार्ट कृषि गाउ र कृषि प्रणाली लागु गर्ने,<br>घ. कृषि प्रविधि र सेवा गुणस्तर र सबैको पहच बढाउने ।<br>ङ. प्रदेश स्तरीय साना मझौला सिचाइ आयोजनाहरु सञ्चालन गर्ने । |
| ७ | जलवायु परिवर्तनले विभिन्न बालीमा पारेको प्रभाव, डुवान र सुख्खा खडेरी सहनसक्ने स्थानीय बालीको अनुसन्धान तथा विकास गर्ने | क. कृषि क्षेत्रमा हुने हानी-नोक्सानी - जलवायूजन्य प्रकोप, (रोग, कीरा, डुवान, कृषि जैविक विविधता आदि) बिश्लेषण, क्षति आकलन र सिफारिस गर्ने,<br>ख. डुवान, सुख्खा खडेरी सहनसक्ने स्थानीय जातका बालीको विकास र सिफारिस गर्ने ।<br>ग. कम समयमा पाक्ने वालीको विकास र सिफारिस गर्ने,<br>घ. संरक्षण खेती, खेती प्रणाली, उत्पादकत्व वृद्धि, हानि-नोक्सानी न्यून गर्ने विधि र प्रविधि विकास र प्रचार प्रसार गर्ने । |

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| | | ङ. कृषि बालीमा लाग्ने बिभिन्न रोग, किराहरुका बारेमा अध्ययन अनुसन्धान गर्ने । |
| ८ | पशु आहार, चरण क्षेत्र विकास र प्रवर्द्धन गर्ने | क. पशुपालनका लागि आवश्यक डालेघाँस, घाँस बाली निजी र सार्वजनिक जग्गामा कृषि वन विकास गर्ने,<br>ख. चरण क्षेत्रको व्यवस्थापन गर्ने,<br>ग. पानीका स्रोतको (पोखरी, आहाल, पानीका मुहान, ताल तलैया) संरक्षण, विस्तार र नयाँ पोखरी निर्माण गर्ने ।<br>घ. पशु आहार- दाना उत्पादन गर्ने,प्रशोधित गर्ने स्वदेशी उद्योग धन्दालाई प्रवर्धन गर्ने ।<br>ङ. आवश्यक डालेघासका बिउबिजन तथा बिरुवा उपलब्ध गराउने । |
| ९ | कृषि व्यवसाय र कृषि उद्यम विकास प्रवद्धन गर्ने | क कृषि व्यवसायलाई अनुदान दिने व्यवस्था मिलाउने ।<br>ख. बाली तथा पशु विमा व्यवस्था गर्ने,<br>ग. उत्पादित कृषि बालीहरुलाई बजारीकरण व्यवस्थापन गर्ने ।<br>घ. कृषि उद्यम विकासमा वित्त तथा प्रविधि सहयोग र सुविधा प्रदान गर्ने ।<br>ङ. कृषकलाई - कृषि सामाग्री,मल विउविजनमा दिइने अनुदानलाई एकिकृत र सरलीकृत गर्ने । |

## २.४.२. वन, जैविक विविधता तथा जलाधार संरक्षण

नेपालको कुल बन क्षेत्र (१४,७५१,६०० हेक्टर) मध्ये लुम्बिनी प्रदेशले १६.२ प्रतिशत (९९६,९४१ हेक्टर) हिस्सा ओगटेको छ । प्रदेशको कुल भुभागको ५१.६४ प्रतिशत वन क्षेत्र छ । प्रदेशमा ४ लाख ५० हजार हेक्टर सरकारद्धारा व्यवस्थित वन तथा ४ लाख २९ हजार हेक्टर सामुदायिक बनले ओगटेको छ । प्रदेशमा २ वटा राष्ट्रिय निकुञ्जहरु र १ वटा शिकार आरक्ष छ । साझेदारी वन, कवुलियती वन,धार्मीक वन, चाक्ला वन तथा निजी वन समेत रहेका छन् । प्रलेशमा ६ वटा वन संरक्षण जोन रहेका छन । सामुदायिक वनमा आवद्ध घरपरिवार ७ लाख ९३ हजार रहेको छ । प्रदेशमा

वनजन्य उद्योग १०६४ वटा रहेका छन् । यसैगरी प्रदेश अन्तर्गत ३२ जलाधार क्षेत्र र ४४ वटा साना ठुला नदी प्रणाली छन । राप्ती, बबइ र माडी नदी प्रदेशका लामा र ठुला नदी हुन ।

जलवायु परिवर्तनका कारण तापक्रम बढ्दा डढेलोका घटना बढेको छ । तराइ, भित्रीमदेश र चुरे क्षेत्रका जंगलमा प्राय सुख्खायाममा बर्षेनी २-४ पटकसम्म र हिमाली क्षेत्रमा  भीषण वन डढेलो लाग्ने गरेको छ । यो क्रम बढ्दै जाने आँकलन गरिएको छ । सयौं वर्षदेखि सुरक्षित हिसाबले बाँचिरहेका जीवजन्तु भित्री मधेश, चुरे, पहाडका साथै हिमाली क्षेत्र समेतमा पानीका घोलहरू सुक्दा र एक्कासी बाढी आउँदा प्रत्यक्ष असर परेको छ । बाढीले कैयौं हेक्टर घाँसे मैदान र पानीका घोलसमेत क्षतविक्षत गरेको छ । यस सँगै मिचाहा प्रजातिका बोट-बिरुवाका फैलावट द्रूतगतिमा बढिरहेको छ । मिचाहा प्रजातिका वनस्पतिको विस्तारले जीवजन्तुको मुख्य आहार र बासस्थान मासिदिएको छ ।  तल्लो तटीय क्षेत्रका वनस्पतिहरू माथिल्लो क्षेत्रमा सर्दै गएका छन् । यी समस्याहरुलाई समाधान गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले जलवायु उत्थानशील पारिस्थितिकीय प्रणालीको विकास गरी दिगो वातावरणीय सेवाहरुको सुनिस्चितता नीति लिएको छ । यस राष्ट्रिय नीतिलाई मूलप्रवाहिकरण गर्न यस प्रदेशले निम्न लिखित रणनीति तथा कार्यनीति तर्जुमा गरेको छः

| क्रासं। | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | विद्यमान वनले ढाकेको क्षेत्रफल कायम राख्न, वन क्षेत्रको खण्डीकरण, वन क्षेत्रको क्षयीकरण रोक्न र भू उपयोग परिवर्तनलाई निरुत्साहित गर्ने नीति अंगीकार गर्ने | क. प्रदेशको भूउपयोग नीति, योजना तथा सम्बन्धित ऐन र नियमावलीमा वन क्षेत्रको क्षेत्रफल कायम राख्ने प्रावधान रहने व्यवस्था गरिने छ,<br>ख. भूमीको क्षयीकरण रोकथाम गर्न सार्वजनिक खाली पर्ति जग्गा, बाँझा वन पाखा, सडक तथा नदी किनारका र नदी उकास क्षेत्रमा हावापानी सुहाउने रैथाने प्रजातिका बहुउपयोगी वन, वनस्पति, जडिबुटी तथा फलफूल बृक्षरोपण गरी हरियाली कायम गर्ने वनको गुणस्तरमा अभिवृद्धि गर्ने  र व्यवसायिक/आय आर्जनमा  सहयोग पुऱ्याउने,<br>ग. वन क्षेत्र खण्डीकरण गर्ने योजना सकेसम्म वन क्षेत्रवाट वाहिर राखने जलवायु परिवर्तनबाट प्रभावित परिवार र समुदाय केन्द्रीत जडिबुटी तथा सुगन्धित वनस्पति खेती प्रवर्धन गर्ने ।<br>वन विकास र जडीवुटी प्रवर्द्धनका लागि नीति तर्जुमा गर्ने । |

| क्रासं। | रणनीति | कार्यनीति |
|---|---|---|
| २ | वन संवर्धनमा आधारित वनको दिगो व्यवस्थापन गरी वन पैदावार उत्पादन र कार्बन सञ्चिति अभिवृद्धि गर्ने (आगामि दश बर्षमा भित्री मधेशका ८० प्रतिशत र पहाडमा कम्तीमा ४० प्रतिशत वन क्षेत्रकोृ दिगो  व्यवस्थापन गर्ने । | क. वनको किसिम, अवस्था, पहूँच र व्यवस्थापन प्रणाली आधारमा नक्सांकन सहितको तथ्यांक विवरण तयार गर्ने,<br>ख. वन व्यवस्थापनका सरोकारवाला संस्थासँगको सहभागितामा दिगो/बैज्ञानिक वन व्यवस्थापनका आधार, र मापदण्ड तयार र प्राथमिकता निर्धारण गर्ने,<br>ग. वनको किसिम र व्यवस्थापन प्रणाली अनुसार वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्य योजना तयार र कार्यान्वयन गर्ने,<br>घ. जलवायु परिवर्तनको जोखिममा रहेका सामुदायिक तथा कबुलियती वन उपभोक्ता समुहहरुको कार्ययोजना नविकरण सहयोग गर्ने ।<br>ङ. व्यवस्थापनका विभिन्न पक्षमा मानवीय, संस्थागत र प्राविधिक  क्षमताको विकास गर्ने,<br>च. लाभको बाँडफाडमा वनमा आश्रित, सिमान्तकृत  र जलवायु परिवर्तनबाट प्रभावित घर परिवारलाई प्राथमिकता दिने,<br>छ. निजी तथा कृषिवनको विकास  तथा प्रवर्द्धन गर्ने,<br>ज. कार्वन संचित काठजन्य उत्पादनहरुको प्रयोग गर्ने । |
| ३ | जलवायु उत्थानशील पारिस्थितिकीय प्रणालीको प्रवर्धन गर्ने | क. महत्वपूर्ण पारिस्थितिकीय प्रणाली पहिचान, वातावरणीय जोखिमको मूल्याङ्कन र व्यवस्थापनमा प्राथमिकीकरण गर्ने,<br>ख. सबै किसिमका वनको जैविक विविधता र जलाधारको पहिचान, लेखाजोखा वन व्यवस्थापन प्रणालीका योजनामा अभिलेख राखी संरक्षण र व्यवस्थापनका कार्य समावेश गर्ने,<br>ग. जलवायु संवेदनशील बसाई सर्ने जीवजन्तु तथा परिस्थितिकीय प्रणालीको संरक्षण र निरन्तरताको लागि उत्तर- दक्षिण/ पूर्व -पश्चिम जैविक मार्ग र भूपरिधिको पहिचान, नक्सांकन र व्यवस्थापन,<br>घ. जलाधारको उपल्लो तटीय क्षेत्रको प्रकृति सम्पदा, सिमसार, चरण क्षेत्र आदिको  दिगो व्यवस्थान गर्ने, |

| क्रासं। | रणनीति | कार्यनीति |
| --- | --- | --- |
| | | ङ. वनमा अत्यधिक निर्भरतथा भौगोलिक जोखिम क्षेत्रका समुदाय लक्षित पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलनका कार्यक्रम सञ्चालन गर्ने,<br>च. संरक्षण खेती प्रणालीको अवलम्बन गर्ने,<br>छ. वायो ब्रिकेट र कम्पोष्ट मल उत्पादनमा प्रोत्साहन गर्ने,<br>ज. पर्यापर्यटन र हरित उद्यमको प्रवर्धन गर्ने ।<br>झ. प्रदेशमा रहेका संरक्षित क्षेत्रका व्यवस्थापन योजनामा जलवायू अनुकुलन र जीवीकोपार्जन सम्बन्धी कार्यक्रम समावेश गर्ने । प्रदेश अन्तर्गत पर्ने तराइ-भुपरिधिको व्यवस्थापनमा योगदान दिने । |
| ४ | डढेलोको रोकथाम र व्यवस्थापन गर्ने | क. प्रदेश स्तरीय वन डढेलो, नियन्त्रण तथा व्यवस्थापन आकस्मिक योजना २०८१ कार्यान्वयन गर्ने,<br>ख. वन डढेलो रोकथाम तथा व्यवस्थापन गर्न डढेलो रोकथाम कोषको स्थापना गर्ने,<br>ग. वन डढेलोबाट हुनसक्ने क्षति परिपुरणका लागि विमा योजना लागु गर्ने,<br>घ. सचेतना तथा संदेश प्रवाह गर्न स्थानीय सञ्चार माध्यमको प्रयोग गर्ने,<br>ङ. वन डढेलो सम्भावित तथा अति प्रभावित क्षेत्रको पहिचान तथा नक्शांकन गर्ने ।<br>च. सामुदायमा आधारित अनुकूलन योजना निर्माण गर्ने<br>छ. वन डढेलो नियन्त्रण औजारहरु सहयोग तथा उपलब्ध गर्ने<br>ज. वन डढेलो नियन्त्रणका लागि स्थानीय स्तरमा दक्ष मानव स्रोत उत्पादन गर्ने ।<br>झ. वन डढेलो सम्बन्धी अध्ययन समाग्री प्रकाशन गर्ने । |
| ५ | वतावरण संरक्षण र जलवायू परिवर्तनलाई केन्द्र विन्दुमा राखी एकीकृत जलाधार व्यवस्थापन गर्ने | क. चुरे लगायतका संवेदंशील जलाधारको पहिचान गरी संरक्षण गर्ने । यस्ता जलाधार पुनर्स्थापना गर्न विशेष योजना कार्यान्वयन गर्ने, |

| क्रासं। | रणनीति | कार्यनीति |
| --- | --- | --- |
| | | ख. नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन योजना तयार र कार्यान्वयन गर्ने,<br>ग. उपल्लो र तल्लो तटीय क्षेत्रको साझेदारीमा चुरे जलाधारको संरक्षण गर्दै वातावरणीय सेवा शुल्क भुक्तानी प्रक्रिया मार्फत समग्र जलाधार क्षेत्रको संरक्षण र विकास गर्ने,<br>घ. जलाधार क्षेत्रमा हरियाली प्रवर्द्धन, कम खनजोत गर्ने खेती प्रणालीको विस्तार गर्ने,<br>ङ. जलवायु परिवर्तनबाट प्रभावित वा जोखिममा रहेका सिमसारको पहिचान, व्यवस्थापन योजना तयार र कार्यान्वयन गर्ने,<br>च. सिमसार क्षेत्रको पहिचान, संवेदनशीलताका आधारमा प्राथमिकीकरण र व्यवस्थापन गर्ने,<br>छ. पानीका स्रोत संरक्षण, प्रवर्द्धन र यसका बहुउपयोग गर्ने,<br>ज. चुरे तराइ क्षेत्रको संरक्षणको लागि संघ र स्थानीय तहको समन्वय र सहकार्यमा दिगो व्यवस्थापन गर्ने ।<br>झ. जलाधार क्षेत्र व्यवस्थापन नीति तथा रणनीति बनाई कार्यन्वयन गर्ने । |
| ६ | रैथाने प्रजातीको संरक्षण तथा मिचाहा प्रजाति नियन्त्रण गर्ने | क. स्थानीय वन, वनस्पति र वन्यजन्तु प्रजातिबारे जनचेतना अभिवृद्धि गर्ने,<br>ख. वन व्यवस्थापन र बृक्षरोपणमा रैथाने प्रजातिलाई प्राथमिकता र प्रयोग गर्ने<br>ग. जलवायु अनुकूलित प्रजातिको उत्पादनको लागि वहुउद्देश्यीय कृषि/वन नर्सरी स्थापना गर्ने ।<br>घ. रैथाने प्रजाती लाई संरक्षण तथा सम्वर्धन गर्ने ।<br>ङ. रैथाने प्रजातिको वृद्धि, विकास र प्रसारण सम्बन्धी अनुसन्धान गर्ने, |

| क्रसं। | रणनीति | कार्यनीति |
|---|---|---|
| | | च. वनमा हुने रोग कीराको रोकथाम र समयमा नियन्त्रणकालागि नियमित अनुगमन गरी उपयुक्त वन सम्वर्धन प्रणालि अवलम्बन गरी व्यवस्थापन गर्ने,<br>छ. मिचाहा प्रजातिको पहिचान गरी वन सम्वर्धन कार्यक्रम गर्दा अनिवार्य हटाउने,<br>ज. मिचाहा प्रजातिको रोकथाम, नियन्त्रण, व्यवस्थापन र हटाउदा प्राप्त हरियो वायोमासको वैकल्पिक सदुपयोग गर्ने विधि आदिबारे विश्वविद्यालयसंगको सहकार्यमा अनुसन्धान गर्ने,<br>झ. अनुसन्धानबाट प्राप्त नतिजाको कार्यान्वयन गर्ने । |
| ७ | नीजि, सार्वजनिक तथा नदी उकास जग्गामा वन तथा कृषि वन विकास र विस्तार गर्ने | **क.** नीजि जग्गामा कृषको माग अनुसार वन तथा फलफलको रोपण गरी कृषिवन विस्तार गर्ने ।<br>**ख.** सार्वजनिक पर्ती जमिनमा वन, फलफुल र कृषिवनको विकास गर्ने ।<br>**ग.** नदी उकास जग्गा उपयोग गर्न स्थानीय तहको समन्वयमा आवश्य नीति कानुन तर्जुमा गरी कृषिवनको विकास गर्ने र रोजगारीका अवसरहरु सृजना गर्ने । |

## २.४.३ जलश्रोत तथा उर्जा

प्रदेश भित्र गरीव ३००० मेगावाट जलविद्युत उत्पादनको पहिचान भएता पनी हालसम्म प्रदेशमा सञ्चालित आयोजनाबाट ४१.४५ मेगावाट विद्युत उत्पादन भइरहेको छ भने ७ मेगावाट क्षमताको दरनखोला र ४८ मेगावाटको भरी ववई बहुउदेश्यीय आयोजनाहरु निर्माणाधिन छन् । प्रदेशमा २०.५ मेगावाट सौर्य उर्जा उत्पादन भई राष्ट्रिय विद्युत प्रणालीमा जडान भइसकेको छ

नेपाल सौर्य उर्जाका हिसाबले बढी सम्भावन भएको मानिन्छ । लुम्बिनी प्रदेश जलविद्युतको कम सम्भावना भएका कारणले सौर्य र अन्य नवीकरणीय उर्जाबाट लाभ लिनसकिन्छ । जलस्रोतको अधिकतम उपयोग गरी नवीकरणीय उर्जा उत्पादन वृद्धि गर्दै जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन गर्न सकिने प्रचुर सम्भावना भएता पनि सो अनुरुप सन्तोसजनक उपलब्धि हासिल हुनसकेको छैन । यी समस्याहरुलाई समाधान गर्न जलश्रोतको वहुपयोग र न्यून कार्बन

उर्जाको उत्पादनलाई प्रवर्ध्दन गर्दै उर्जा सुरक्षाको सुनिस्चितता गर्ने नीति राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले लिएको छ। उक्त नीतिको कार्यन्वयनको लागि यस प्रदेशले निम्न रणनीति तथा कार्यनीति तर्जुमा गरेको छः

| क्रासं। | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | पानीको उपलव्धता कम भएको र सुक्खापन धेरै भएको क्षेत्रमा पानीको संञ्चिति तथा किफायती प्रयोग विधिहरुको प्रवर्द्धन गर्ने | क. परम्परागत पोखरी तथा अहालको स्तरोन्नति तथा संरक्ष्ण, पानी मुहान संरक्षण,<br>ख. पानीको स्रोत पहिचान गरी जलाधार तहको संरक्षण कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने,<br>ग. पानीको बहूउपयोग गर्ने ।<br>घ. सुख्खापन ठाउमा प्लाष्टिक पोखरी निर्माण कार्यक्रम अवलम्वन गर्ने ।<br>ङ. सुख्खापन ठाउँमा हरियाली प्रवर्द्वन गर्ने । |
| २ | भूमिगत जलस्रोतको पुनर्भारण एवं वहूउपयोग गर्ने | क. संरक्षण पोखरी निर्माण,<br>ख. वर्षादको पानी संकलन पोखरी निर्माण,<br>ग. जलाधार क्षेत्रको व्यवस्थापन,<br>घ. भूमिगत पानी व्यवसायिक रुपमा प्रयोग गर्दा सोही अनुसारको राजस्व लिने र यसरी संकलित रकम पानीको मुहान संरक्षणमा खर्च गर्ने ।<br>ङ. खाली वा ठाउ वा नाङ्गो डाडामा वृक्षारोपन कार्यक्रम गर्ने ।<br>च. गह्रा सुधार कार्यक्रम अवलम्वन गर्ने ।<br>छ. भूमिगत जलस्रोतको निष्चित समय अन्तरालमा अध्ययन अनुसन्धान गर्ने । |
| ३ | नवीकरणीय उर्जाको उत्पादन तथा प्रयोग बढाउने | क. नवीकरणीय उर्जाबाट सञ्चालित उद्योग दर्ता एवं नविकरणमा छुट/सहुलियत दिने,<br>ख. राष्ट्रिय प्रसारण लाइनवाट विद्युत सेवा उपलब्ध नभएका क्षेत्रमा समुदायस्तरमा लघु तथा साना |

| क्रसं। | रणनीति | कार्यनीति |
|---|---|---|
| | | जलविद्युत उत्पादन गर्न आर्थिक अनुदान उपलब्ध गराउने । |
| ४ | राष्ट्रिय प्रसारण लाईन र अन्य नवीकरणीय उर्जा स्रोतवाट सेवा उपलब्ध नभएको ग्रामीण क्षेत्रमा सौर्य उर्जावाट विद्युत उत्पादन तथा प्रयोग गर्न प्रोत्साहन गर्ने | क. सौर्य उर्जा उत्पादन क्षेत्र पहिचान, सोलार प्यानल तथा अन्य उपकरण खरिदमा अनुदान,<br>ख. सौर्य उर्जावाट उत्पादन भएको उर्जालाई साना तथा मझौला उद्योगमा प्रयोग गर्न प्रोत्साहन गर्ने । |
| ५ | समुदायले व्यवस्थापन गर्ने कृषि जमिनमा सिंचाई गर्न सौर्य पम्प प्रणालीलाई विस्तार गर्ने | क. समुदायलाई सोलार प्यानल, इन्भर्टर तथा पानी तान्ने पम्प खरीदमा लाग्ने खर्चमा अनुदान दिने,<br>ख. थोपा सिंचाई जस्ता प्राविधिक विषयमा किसानलाई तालिम दिने । |
| ६ | खाना पकाउने इन्धनको लागि संम्भावित क्षेत्रमा बायोग्यास प्लान्ट स्थापना गरी प्रयोग गर्न प्रोत्साहन गर्नुका साथै विजुलीको प्रयोग गर्ने | क. बायोग्यास प्लान्टस्थापना गर्न अनुदान दिने,<br>ख. बायोमासवाट उत्पादित ब्रिकेट, पिलेट जस्ता स्वच्छ उर्जा प्रयोग गर्न प्रोत्साहन गर्ने,<br>ग. सुधारिएको चुलो निर्माण, प्राविधिक क्षमता विकास गर्ने र जडान गर्न अनुदान दिने ।<br>घ. विजुलीबाट खाना पकाउने परिवारको हिस्सालाई २० प्रतिशत पु-याउने<br>ङ. विधुतीय चुलो प्रयोगमा प्रोत्साहन गर्ने । |
| ७ | फोहोरबाट उर्जा उत्पादन गर्न विद्यालय, क्याम्पस, अस्पताल, प्रहरी र सैनिक व्यारेक, वृद्धआश्रम, धार्मिक क्षेत्रमा बायोग्यास प्लान्ट स्थापना गर्ने | क. फोहोरबाट बायोग्यास उत्पादनको लागि विद्यालय, होटेल तथा अस्पतालमा परीक्षण गर्ने परीक्षणको नतिजा प्रचार प्रसार गरी विस्तार गर्ने,<br>ख. बयोग्यसको व्यवसायिक उत्पादन र बिक्रिका लागि निजी तथा स्थानीय तहलाई प्रोत्साहन गर्ने,<br>ग. फोहोरबाट उर्जा उत्पादन गर्न संस्था वा व्यक्तिलाई अनुदानको व्यवस्था गरी प्रोत्साहित गर्ने । |

| क्रासं। | रणनीति | कार्यनीति |
|---|---|---|
| | | घ. फोहरबाट उर्जा उत्पादन गर्ने मेसिन सहुलियत दरमा उपलब्ध गराउने |
| ८ | जैविक उर्जाको किफायती प्रयोजनको लागि घरायसी माटो/फलामको सुधारिएको चुल्होको प्रवर्द्धन गर्ने | क. माटो/फलामे सुधारिएको चुलो निर्माण गर्न प्राविधिक तालिम र आर्थिक अनुदान दिने । |

## २.४.४ ग्रामिण र शहरी बसोबास

सन् २०५० सम्म बिश्वको शहरी जनसंख्या झण्डै दोव्बर हुने अनुमान गरिएको सन्दर्भमा एक्काइसौं शताव्दीमा शहरीकरण सर्बाधिक परिवर्तनशिल प्रवृत्ति बन्ने आँकलन गरिएको छ । नेपालमा संघीयता लागु भए पश्चात शहरी वसोवास बढ्दो क्रममा रहेको छ राष्ट्रिय जनगणना २०२१ का अनुसार नगरपालिकामा बस्ने जनसंख्या ६६.१७ प्रतिशत पुगेको छ भने गाउँपालिकामा ३३.८३ प्रतिशत जनसंख्या बस्दछन । त्यसमा पनि लुम्बिनी प्रदेशमा शहरीकरण तीब्र रुपमा भइरहेको छ। जलवायु परिवर्तनको प्रभावले गर्दा शहरी तथा ग्रामिण वस्तीहरुले चुनौतिको सामना गर्न परिरहेको छ । त्यसमा पनि वातावरणीय र मानवीय असरहरु शहरमै केन्द्रित छन्, जसले गर्दा अन्य विषयका अतिरिक्त शहरमा आवास, पूर्वाधार, आधारभूत सेवा, खाद्य सुरक्षा, स्वास्थ्य, शिक्षा, मर्यादित रोजगार, सुरक्षा र प्राकृतिक स्रोतमा दिगोपनाको दृष्टिले ठूलो चुनौति रहेको छ । यी समस्याहरुलाई सम्वोधन गर्न सुरक्षित, दिगो, उत्थानशील बसोबास र पूर्वाधार विकास गरी जलवायु मैत्री गाउँ, शहर निर्माण गर्ने नीति राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले लिएको छ । यस नीतिको प्रदेश स्तरमा मूलप्रवाहीकरण गरी कार्यन्वयनका लागि यस प्रदेशले निम्नानुसारको रणनीति तथा कार्यनीति तर्जुमा गरेको छ :

| क्रासं। | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | जलवायु परिवर्तन जोखिम विश्लेषणको आधारमा प्रदेशस्तरीय भू-उपयोग योजना तर्जुमा गरी आवास, कृषि, वन तथा औद्योगिक क्षेत्रहरुको निर्धारण गर्ने | क. प्रदेश स्तरीय भू उपयोग नीति तथा योजन तर्जुमा,<br>ख. स्थानीय तहमा भू उपयोग कार्ययोजना तयारी तथा कार्यान्वयन । |

| क्रासं। | रणनीति | कार्यनीति |
|---|---|---|
| २ | शहरी तथा ग्रामीण क्षेत्रमा बसोबास गर्ने समुदायको जलवायुजन्य जोखिम न्यूनीकरण गर्न जलवायु अनुकूलन कार्यक्रम सञ्चालन गर्ने | क. स्थानीय तहमा जलवायु परिवर्तनको जोखिममा रहेको समुदाय पहिचान गरी स्थानीय अनुकुलन योजना तयार पार्ने,<br>ख. अनुकूलन योजना अनुसार स्थानीय तहमा समुदायमा आधारित अनुकुलन क्रियाकलाप सञ्चालन गर्ने,<br>ग. जोखिममा परेका समुदाय, व्यक्ति वा परिवारलाई वैकल्पिक आय आर्जनको क्रियाकलाप कार्यान्वयन गर्ने । |
| ३ | बस्ती विकास योजनामा न्यून कार्बन उत्सर्जन प्रविधि एवं अनुकुलन कार्यहरु समावेश गर्ने | क. शहरी क्षेत्रमा नया सडक निर्माण गर्दा पैदल मार्ग र साईकल लेनको व्यवस्था गर्ने,<br>ख. नया सडक निर्माण गर्दा वातारणीय प्रभाव मुल्याङ्कन वा प्रारम्भिक वातावरण परीक्षण गर्ने ।<br>ग. घर निर्माण गर्दा काठको वैकल्पिक समाग्री प्रयोग गर्ने ।<br>घ. घर निर्माण गर्दा पानीको किफायती र पुनः प्रयोग गर्ने योजना समावेश गर्ने,<br>ङ. सहरी क्षेत्रमा नयाँ वन्ने घरमा सेफटी ट्यांकी बनाउने ।<br>च. नयाँ वन्ने सहरी विकास योजनामा निजी आवास र निश्चित भूभाग हरियाली प्रवर्द्धनको लागि छुट्याउने,<br>छ. पानी कम भएको क्षेत्रमा छानाको पानी संकलन तथा भण्डारण गर्ने घरधुरीलाई अनुदानको व्यवस्था गर्ने ।<br>ज. न्युन कार्वन उत्सर्जनका लागि उर्जा कुशल भवन संहिता अवलम्वन गर्ने । |
| ४ | जलवायु जन्य प्रकोप संवेदनशील क्षेत्रको बस्ती स्थानान्तरण गरी सुरक्षित स्थानमा एकिकृत वस्ती विकास गर्ने | क. प्रदेश भित्रका प्रकोपहरुका पहिचान तथा प्रभाव मुल्याङ्कन गर्ने ।<br>ख. प्रदेश भित्र रहेका बस्तीहरुको जोखिम विश्लेषण तथा पशिचान गर्ने, |

| क्रासं। | रणनीति | कार्यनीति |
|---|---|---|
| | | ग. जोखिममा रहेको वस्तीलाई नजिकको समान भौगोलिक क्षेत्र पहिचान गरी एकिकृत वस्ती विकास योजना तर्जुमा गर्ने,<br>घ. एकिकृत वस्तीमा स्थानान्तरण हुन चाहने परिवारलाई आर्थिक अनुदान दिने । |
| ६ | शहरी क्षेत्रका समुदाय तथा परिवारको बढ्दो तापक्रमसंग अनुकुलित हुने क्षमता विकास गर्ने | क. शहरी क्षेत्रको घर आगन तथा कौसीमा विरुवा रोपण गर्न चाहने घर परिवारलाई स्थान अनुसारको विरुवा तथा प्राविधिक सहयोग उपलव्ध गराउने<br>ख. शहरको खाली क्षेत्र तथा सडक किनारमा वृक्षारोपण गर्ने ।<br>ग. सर्माट हरियाली शहरको अवधारणा अवलम्वन गर्ने ।<br>घ. तातो हावाको लहर 'लु' Heat wave बाट बच्ने उपाय सम्बन्धी जोखिम न्युनीकरण तथा प्रतिकार्य कार्ययोजना निर्माण गर्ने । |

## २.४.५ उद्योग यातायात तथा भौतिक पूर्वाधार

उद्योगहरुले जलवायु परिवर्तनमा सिधा प्रभाव पार्छन र सार्वजनिक स्वास्थ्य र पर्यटकहरुलाई पनि असर पारेको छ । यस क्षेत्रमा भएका सिमेन्ट लयायतका उद्योगहरुले वातावरण लाई प्रभावित गरिरहेको छ ।

मुख्य समस्याहरूमा औद्योगिक लगानी, मैत्री वातावरणमा सुधारको कमी, औद्योगिक पूर्वाधारको अभाव र कुशल श्रमशक्तिको कमी, व्यापार पूँजी वृद्धि, सरकारद्वारा अपर्याप्त प्रोत्साहन, एकताको अभाव, उद्योगको विकासको लागि पर्याप्त जग्गा नहुनु आदि रहेका छन्। त्यस्तै यातायातको क्षेत्रमा पनि हाल सवारी को साधन वृद्धि, इन्धनको माग तथा भौतिक पूर्वाधारको विकास बढ्दै गइरहेको छ। नेपाल सरकारले भरपर्दो, दिगो, र न्यून कार्बन प्रविधियुक्त उद्योग, यातायात र भौतिक पूर्वाधारको विकास गरी जलवायु उत्थानशील आर्थिक विकासको अवधराणा अवलम्बन गर्ने नीति लिएको छ । उक्त नीतिको कार्यान्वयनका लागि लुम्विनी प्रदेशले निम्नानुसारका रणनीति तथा क्रियाकलाप तर्जुमा गरेको छ :

| क्रासं। | रणनीति | कार्यनीति |
| --- | --- | --- |
| १ | प्रदेशस्तरीय औद्योगिक क्रियाकलापमा जलवायुजन्य विपद जोखिमको अवस्था पहिचान गर्ने | क. जोखिम क्षेत्रहरुको पहिचा गरी नक्सांकन गर्ने, मौसम पूर्वानुमान पद्धतिको विकास गरी नियमित मौसमको पूर्वानुमान रिपोर्ट प्रसार गर्ने । |
| २ | जलवायु जन्य जोखिमबाट भौतिक पूर्वाधार, उद्योग, तथा यातायात प्रणालीमा क्षति न्यूनीकरण गर्ने | क. न्युन कार्वन उन्मुख भौतिक पूर्वाधार, उद्योग, तथा यातायात प्रणाली निर्माणका लागि प्रदेशस्तरीय नीति तथा योजन तर्जुमा गर्ने,<br>ख. सम्भावित जलवायु जन्य प्रकोपहरुका आधारमा योजना निर्माण तथा कार्यन्वयन गर्ने ।<br>ग. वातावरणीय प्रभाव न्यून तथा रोजगारीको अवसर सिर्जना हुने खालका उद्योग पहिचान गरी प्रवर्द्धन गर्ने,<br>घ. सिमेन्ट उद्योगलाई प्रदुषण रहीत न्यून कार्वन उत्सर्जन हुने प्रविधि प्रयोग गर्न प्रोत्साहन गर्ने ।<br>ङ. जलबायू प्रकोपहरुका नियमित अनुगमन तथा प्रभाव मुल्याङ्कन गर्ने । |
| ३ | सडकलगायत भौतिक पूर्वाधार निर्माण गर्दा संभावित जलवायुजन्य विपद् जोखिम नियन्त्रण गर्ने | क. पहाडी भू भागमा सडक निर्माण गर्दा निर्माण पूर्व अध्ययन गरी पैह्रो तथा भूक्षय नियन्त्रण गर्ने,कार्यनीति लिने,<br>ख. भौतिक संरचना निर्माण गर्दा ऐतिहासिक घटनाक्रमको अध्ययन गरी संभावित जोखिमलाई न्युनीकरण गर्ने योजना बनाउने,<br>ग. जलवायुजन्य विपद प्रतिरोधी यातायात तथा अन्य भौतिक पूर्वाधार निर्माण प्रमाणीकरण मापदण्ड तयारी तथा कार्यान्वयन । |
| ४ | उद्योग तथा यातायात क्षेत्रमा उर्जा किफायती प्रविधि र विद्युतीय उर्जाको प्रयोगलाई प्रवर्द्धन गर्ने | क. शहर तथा वस्तीविकास गर्दा साइकल लेनको निर्माण गर्न<br>ख. साना तथा मझौला सार्वजनिक यातायातका साधनलाई वातावरण मैत्री ठूला साधनले क्रमशः प्रतिस्थापन गर्ने<br>ग. विद्युतीय निजी तथा सार्वजनिक सवारी साधन प्रवर्द्धनका लागि आर्थिक सुबिधा उपलब्ध गराउने<br>घ. विद्युतीय सवारी साधनका लागि आवस्यकता अनुसार चार्जिङ्ग केन्द्र स्थापना गर्ने<br>ङ. विद्युतीय सवारी साधन उत्पादन तथा मर्मत सम्भारलाई निजी क्षेत्रलाई प्रोत्साहन गर्ने । |

| क्रासं। | रणनीति | कार्यनीति |
|---|---|---|
| | | **च.** औद्योगिक क्षेत्रलाई स्वच्छ उर्जामा रुपान्तरण गर्ने रणनीति लिने |
| ५ | जलवायु उत्थानशील भौतिक पूर्वाधार विकास गर्ने | **क.** संवेदनशील भौतिक संरचनाहरु जस्तै सडक, पुल, ड्याम, सार्वजनिक भवन निर्माणको लागि जलवायु उत्थानशील भौतिक संरचना निर्माण मार्गदर्शन तयार पारी कार्यन्वयन गर्ने<br>**ख.** संवेदनशील क्षेत्रमा भवन/वस्ती विकास नियन्त्रण गर्न भवन आचारसंहिताको मापदण्डमा समावेश गर्ने ।) |

## २.४.६ पर्यटन, एवं प्राकृतिक तथा सांस्कृतिक सम्पदा

ऐतिहासिक, पुरातत्विक, धार्मिक, साँस्कृतिक र प्राकृतिक सम्पदाका कारणले लुम्बिनीमा प्रचुर पर्यटकीय सम्भावना रहेको छ। विश्व संपदा सुचीमा रहेको गौतम बुद्धको जन्मस्थल लुम्बिनी यसै प्रदेशमा रहेको छ। १ करोड १० लाख वर्ष पुरानो मानव पुर्खा रामापिथेकसको दन्तावशेष तिनाउको तीरमा फेला परेको छ। पर्यटन/क्षेत्रका रुपमा बर्दिया र बाँके राष्ट्रिय निकुञ्ज, ढोरपाटन शिकार आरक्ष आदि रहेका छन्। प्रदेश स्तरले २८३ पर्यटकीय गन्तव्य पहिचान गरेको छ।

जैविक तथा भौगोलिक विविधताका कारण यस प्रदेशको पर्यटन उद्योगको प्रचुर संम्भावना रहेता पनि जलवायुजन्य विपद् तथा जोखिमका कारण ठूला आर्थिक तथा सामाजिक क्षति व्यहोर्नुपरेको छ। भौतिक पुर्वाधारमा हुने क्षति र जलवायु परिवर्तनका प्रभावले सुख्खा खडेरी, आगजनी, बाढी, पहिरो भूकम्पका जोखिमले पर्यटन व्यवसायमा नकारात्मक असर पुर्याउदा धेरै व्यवसायी र यसमा आश्रित परिवारको  अर्थोपार्जन र रोजगारीमा प्रत्यक्ष असर परेको छ। यी चुनौतिहरुको सामना गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले पर्यटन क्षेत्रलाई जलवायुमैत्री बनाउदै महत्वपूर्ण प्राकृतिक संस्कृतिक र सामाजिक सम्पदाहरुको संरक्षण र विकास गर्ने नीति लिएको छ. । यस नीतिको कार्यान्वयनको लागि निम्नानुसारको रणनीति तथा कार्यनीतिहरु तर्जुमा गरिएको छः

| क्रासं। | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | महत्वपूर्ण प्राकृतिक, सांस्कृतिक, सामाजिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने | **क.** स्थानीय कला, संस्कृति र प्राकृतिक सम्पदा क्षेत्रको पहिचान, संरक्षण र आवश्यकताका लागि मर्मत, संभार र पुनर्स्थापना गर्ने,<br>**ख.** स्थानीय बहुसांस्कृतिक, भाषिक, ज्ञान, सीप र परम्परागत ढाँचाको पहिचान, संरक्षण, विकास र उपयोग गरी जीविकोपार्जनको आधार बनाउने । |

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| | | **ग.** थारु तथा मगर समुदायको परम्परागत ज्ञान सीप र प्रविधिलाई प्रोत्साहन गरी टेवा पु-याउने,<br>**घ.** लुम्विनी प्रदेशमा रहेका विश्व सांस्कृतिक संपदा लगायत प्रादेशिक धार्मिक, साँस्कृतिक स्थलहरुको संरक्षण र प्रवर्धन गर्ने । |
| २ | जलवायु-स्मार्ट र वातावरण मैत्री पुर्वाधारका इञ्जिनियरिङ्ग डिजाइनको विकास र प्रवर्द्धन गर्ने | **क.** भू-उपयोग नीति तथा योजना अनुसार विकास योजना तयार गर्ने,<br>**ख.** भवन निर्माणमा काठको प्रयोग प्रवर्द्धन गर्ने र फलामको प्रयोगलाई निरुत्साहित गर्ने।<br>**ग.** सार्वजनिक भौतिक पूर्वाधार विकासमा वन क्षेत्रको प्रयोग नगर्ने,<br>**घ.** पर्यटनसँग सम्वन्धित पुर्वाधारका योजनाको वातावरणीय परीक्षण गर्ने र तदनुरुपका व्यवस्थापन योजनाको पालना र कार्यान्वयन गर्ने,<br>**ङ.** भवन तथा पूर्वाधार निर्माण एवं मर्मत सम्भार गर्दा जलवायुजन्य सङ्कटासन्नता तथा विपद जोखिम प्रतिरोधी जलवायु-स्मार्ट डिजाइनको विकास र प्रवर्धन गर्ने । |
| ३ | उत्थानशील पर्यटकीय गाउ शहरको विकास गर्ने | **क.** सुरक्षित, सफा र स्वच्य ढल निकास, फोहरमैला निकासी र व्यवस्थापन, र प्रदुषण रहित वातावरण विकास गर्ने,<br>**ख.** कोइला, दाउरा, जैविक इन्धनले सञ्चालन हुने उद्योग व्यवसायलाई नवीकरणीय स्वच्छ इन्धनले प्रतिस्थापन गर्ने,<br>**ग.** कृषि फारम, पर्यापर्यटन, साहसिक पर्यटन जस्ता हरित उद्यम प्रवर्द्धन गर्ने,<br>**घ.** शहरी वन विकास, वन वाटिका निर्माण र वनस्पति उद्यान निर्माण गरी हरियाली शहर निमार्ण गर्ने ।<br>**ङ.** कृषि पर्यावरण नमुना गाउ"को अवधरणा अवलम्वन गर्ने । |

## २.४.७ स्वास्थ्य खानेपानी तथा सरसफाई

लुम्बिनी प्रदेशमा ९२.८ प्रतिशत घरधुरीमा खानेपानीको सुविधा पुगेको छ भने ९४.४ प्रतिशत घरधुरीमा आधारभूत शौचालयको व्यवस्था छ । सुविधा पुगेपनि उपलब्ध खानेपानीमा गुणस्तारियताको समस्या भने रहेको छ । तराईमा

आर्सनिकको समस्या रहेको छ भने पहाडी जिल्लामा पानीको मुहान सुक्दै गएका छन् । वर्षातको समयमा पानीको स्रोतहरु बगाउने, पुर्ने वा धमिलो पानी मिसिने समस्या छ। शौचालयको उपलव्धता भएता पनि यस्को प्रयोग गर्ने बानी पूर्ण रुपले विकास हुनसकेको छैन । शहरी क्षेत्रमा ठूलो मात्रामा फोहोर निस्कने र त्यसको प्रभावकारी व्यवस्थापन हुनसकेको छैन। सडक तथा अन्य निर्माणका काममा उड्ने धूलो, आगजनी तथा इन्धनको जथाभावी प्रयोग गर्ने कलकारखानाहरु, सवारी साधन र उद्योगवाट निस्कने धुवा, धूलो तथा विषाक्त ग्यँासले केहि ठाउँमा वायु प्रदुषण गराएका छन्। शहरी क्षेत्रमा ढल निकासको व्यवस्था, फोहोर पानी प्रशोधन प्रणालीको अभाव र नदीमा फोहोर पानी छोड्नुले शहरी वातावरणमा प्रतिकूल असर परिरहेको छ। प्रदेशले स्वस्थ जीवनयापन गर्ने वातावरण तयार गर्न निम्नानुसारका रणनीति तथा कार्यनीति तर्जुमा गरिएको छः

| क्रासं। | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | स्वच्छ खानेपानीको पहुँच र उपलव्धता वृद्धि गर्ने | क. पानीको स्रोत संरक्षण, विकास गरी पहुँच बृध्दि गर्ने,<br>ख. संरक्षण पोखरी निर्माण गर्ने,<br>ग. वर्षातको पानी संकलन तथा भण्डारण गर्ने,<br>घ. फोहोर पानी प्रशोधन प्लान्ट स्थापना गरी प्रशोधन गर्ने ।<br>ङ. खानेपानीको गुणस्तर परीक्षण गर्ने । |
| २ | फोहोरमैलाको उचित व्यवस्थापन गर्ने | क. घरायसी तथा होटेल व्यवसाय र स्वास्थ्य संस्थावाट निस्कने फोहोर मैलाको स्रोतमै वर्गिकरण गर्न प्रोत्साहन गर्ने,<br>ख. जोखिमपूर्ण फोहोरजन्य पदार्थको उचित व्यवस्थापन गर्ने,<br>ग. प्रत्येक स्थानीय तहमा फोहोरमैला व्यवास्थापन गर्न स्यानिटरी ल्याण्डफिल साइट निर्माण गर्ने,<br>घ. जैविक फोहोरलाई उर्जा तथा प्रांगारिक मल उत्पादनमा प्रयोग गर्ने,<br>ङ. बायोग्यास प्लान्ट स्थापना भएको घरमा शौचालयलाई पनि बायो ग्यास प्लान्टसंग जोड्न प्रोत्साहन गर्ने, |
| ३ | जलवायु परिवर्तनजन्य संक्रामक रोगको महामारी फैलिन नदिन पूर्वतयारी, पूर्वानुमान, तथा रोकथाम गर्ने संयन्त्रको विकास गर्ने | क. जनचेतना मूलक प्रचार प्रसार कार्यक्रम गर्ने,<br>ख. जलवायु परिवर्तन र स्वास्थ्यसम्वन्धी पाठ्य सामग्री तयार पारी विद्यालयमा पठन पाठन गराउने,<br>ग. स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी रुपमा विस्तार गर्ने,<br>घ. जलवायु परिवर्तन र संक्रामक रोग महामारीसम्वन्धी अध्ययन अनुसन्धानका लागि प्रदेशको क्षमता वृद्धि गर्ने, |

| | | |
|---|---|---|
| | | ङ. प्रत्येक पालिकाले संक्रामक रोग तथा महामारी फैलन नदिन निर्देशिका तथा पूर्व तयारी मार्गदर्शन तयार पारी कार्यन्वयन गर्ने,<br>च. महामारी रोकथामको लागि पालिकास्तरमा पालिका प्रमुखको संयोजकत्वमा स्वास्थ्य सेवा केन्द्र, रेडक्रसलगायत स्वास्थ्यसँग सम्वन्धित निकायको प्रतिनिधि रहने गरी समन्वय समिति गठन गरी रोकथाम गर्ने । |
| ४ | जलवायु उत्थानशील भौतिक पूर्वाधार विकास गर्ने | क. संवेदनशील भौतिक संरचनाहरु जस्तै सडक, पुल, ड्याम, सार्वजनिक भवन निर्माणको लागि जलवायु उत्थानशील भौतिक संरचना निर्माण मार्गदर्शन तयार पारी कार्यान्वियन गर्ने,<br>ख. संवेदनशील क्षेत्रमा भवन/वस्ती विकास नियन्त्रण गर्न भवन आचारसंहिताको मापदण्डमा समावेश गर्ने ।<br>ग. जलवायु उत्थानशिल पूर्वाधार निर्माणका लागि क्षमता विकास तथा वायोयन्जिनिरिग प्रविधी सम्वन्धि प्राविधिकहरुलाई तालिम । |

## २.४.८ विपद जोखिम न्यूनीकरण र व्यवस्थापन

नेपाल प्राकृतिक तथा जलवायू जन्य विपद् जोखिम मुलुक हो । सन २०१८ देखि २०२४ को अध्ययनले प्रतिवर्ष विपद्को कारणले औषत ६८६को  मृत्य भऐ को देखिएको छ । यो अवधिमा पहिरोले ८७८, आगलागीबाट ६१९, चट्याङ्गबाट ४७७,वाढीबाट २६० अन्य ३४६ समेत गरी जलबायूजन्य विपद्ले मात्र वार्षिक औषत झण्डै ४५० जनाको मृत्यु हुन गयो । उक्त अवधिमा विपदको कारणबाट रु २३.६ विलियन आर्थिक हानी नोक्सानी भयो । लुम्बिनी प्रदेशमा वाढी, पहिरो, हुरिवतास, चट्याङ, आगलागीका घटनाहरु र हिमाली जिल्लामा हिमपहिरोको जोखिम छ । अतिवृष्टि, अनावृष्टी, बाढीपहिरोलगायतका प्रकोप बढ्दो रुपमा भोग्नुपरेको छ । राष्ट्रिय अनुकूलन योजना अनुसार जलवायु परिवर्तनका दृष्टीले यस प्रदेशका जिल्लाहरु न्यूनदेखि मध्यमखालको जोखिममा रहेका छन् । लुम्विनी प्रदेश विपद्का घटनाबाट प्रत्येक वर्ष औषतमा ७४ जनाले ज्यान गुमाउने र ४००० भन्दा बढी परिवार प्रभावित तथा विस्थापित हुने तथ्यांक छ ।  प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा न्यूनीकरण गर्न विभिन्न रणनीतिक क्रियाकलापको पहिचान गरी आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवं पुनर्स्थापना तथा पुनर्निर्माणको सुदृढीकरण र उत्थानशीलता अभिवृद्धि गरी विद्यमान विपद जोखिम तथा क्षतिको न्यूनीकरण र नयाँ जोखिमको रोकथाम गर्नु यस रणनीतिक कार्ययोजनाको उद्देश्य रहेको छ। यस क्षेत्रको चुनौती तथा समस्या समाधानको लागि निम्नानुसारका रणनीति तथा कार्यनीति तर्जुमा गरिएका छन् :

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | भूमिको उपयुक्तता र संवेदनशीलताको आधारमा व्यवस्थापन गर्ने | क. अति संवेदनशील क्षेत्र जस्तै नदी उकास तथा पैह्रो संवेदनशील क्षेत्रमा भौतिक संरचना निर्माण गर्न पूर्ण निषेध गर्ने,<br>ख. जलवायुमैत्री निर्माण मार्गदर्शन तयार पारी संवेदनशील निर्माण कार्यहरु जस्तै सडक, पुल, ड्याम तथा सार्वजनिक भवन एवं अस्पताल निर्माण गर्दा त्यसको पूर्ण रुपले पालना गर्ने । |
| २ | विपद् जोखिम क्षेत्रहरुको पहिचान, प्राथमिकीकरण र नक्सांकन गरी संवेदनशील क्षेत्रहरुको संरक्षण गर्ने | क. जोखिमयुक्त पूर्वाधारऐतिहासिक तथा सांस्कृतिक सम्पदा, आश्रयस्थल, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा खानेपानीका संरचनाहरूका लागि भूकम्पीय तथा जलवायुजन्य जोखिम आँकलन तथा नक्शाङ्कन गर्ने र यसलाई सार्वजनिक रूपमा उपलब्ध गराउने,<br>ख. बायोईन्जिनियरिङ्ग प्रविधिद्वारा नदी किनाराको संरक्षण,<br>ग. प्रकृतिमा अधारित समाधानका (Nature Based Solution) उपायहरु अवलम्वन गर्ने<br>घ. प्रमुख जलाधार क्षेत्रहरूमा भू-क्षय आँकलन तथा नक्शाङ्कन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने गर्ने । |
| ३ | प्रदेश र स्थानीय तहमा विपद् व्यवस्थापन नीतिहरुको कार्यान्वयन र संस्थागत संरचना सुदृढ गर्ने | क. लुम्विनी प्रदेशको विपद् जोखिम न्यूनिकरण रणनीतिक कार्ययोजना २०७९-२०८७ को प्रभावकारी कार्यान्वयन गर्ने,<br>ख. प्रदेश तथा स्थानीय तहमा रहेको विपद् व्यवस्थापन पूर्व तयारी तथा व्यवस्थापन समन्वय समितिको नियमित बैठक र समन्वय गर्ने,<br>ग. विपद्को लागि अति आवस्यक सामानहरु समयमै आपूर्ति गरी भण्डारण गर्ने,<br>घ. विपद् व्यवस्थापन प्रतिकार्य योजना तयारी र प्रभावकारी कार्यन्वयन गर्ने । |
| ४ | विपद जोखिम पूर्व सूचना सम्यन्त्र विकास गर्ने । | क. विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणालीमार्फत पूर्वसूचना प्राप्त गर्ने,<br>ख. विपद जोखिमयुक्त क्षेत्रहरुमा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि तयार गर्ने, |

| क्रासं। | रणनीति | कार्यनीति |
|---|---|---|
| | | ग. स्थानीयस्तरमा विपद् जोखिमसम्बन्धी सूचना तथा जानकारी एवं आंकलन जनसमुदायलाई उपलब्ध गराउनसक्ने गरी स्थानीय तहमा प्रभावकारी विपद व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने,<br>घ. बाढीजन्य नदी, जलाधारहरूमा तात्कालिक जलसतह र बर्षा अवलोकन प्रणालीको विस्तार र आधुनिकीकरण गर्ने,<br>ङ. मौसमको अनुगमन प्रणालीलाई प्रदेशव्यापी रूपमा विस्तार र आधुनिकीकरण गर्ने,<br>च. आगलागी र वन डढेलोको निरन्तर अनुगमन प्रणाली स्थापना गर्ने,<br>छ. महिला, वृद्धवृद्धा, बालबालिका, अपाङ्ग, विद्यार्थी र अन्य संकटउन्मुख समूहसँग जोखिम सूचना साझेदारी गर्न संचार तथा प्रसार रणनीति र कार्यविधि तयार गर्ने ।<br>ज. समावेशी तथा बालबालिका मैत्री पूर्व सूचना सम्यन्त्रको विकास गर्ने |
| ५ | संवेदनशील क्षेत्रका स्थानीय तहमा सुरक्षित आवास योजना तयार पारी एकिकृत वस्ती विकास गर्ने | क. पुनर्लाभ, पुनःस्थापना तथा पुनर्निर्माणका लागि श्रोतहरू व्यवस्थापन र कार्यान्वयन गर्ने,<br>ख. जलवायु स्मार्ट गाउँहरूको विकास गर्ने,<br>ग. एकिकृत वस्ती निर्माणमा सहभागी हुन चाहनेको लागि विषेश अनुदानको व्यवस्था गर्ने ।<br>घ. जलबायू परिवर्तन र विपद्को प्रभवबाट मानव तथा पशुपन्छी स्वास्थमा पर्ने प्रभाव न्यूनिकरण गर्न एकिकृत स्वास्थ नीतिमा जोड दिने । |
| ६ | जलवायु परिवर्तनका कारण अति जोखिममा रहेका घरधुरीका परिवार तथा समुदायको लागि जीविकोपार्जन कार्यहरु लागू गर्ने | क. दिगो वन व्यवस्थापनबाट सृजना हुने रोजगारीका अवसरहरूमा कम्तिमा ५०% महिलासहित सङ्कटासन्न समूहको जीविकोपार्जनमा टेवा पुचाउने कृयाकलाप सुनिश्चित गर्ने,<br>ख. विपद् पश्चातका पुनर्निर्माणका कार्यक्रममा लैङ्गिक आवश्यकता र महिलाको जीविकोपार्जनमा सहयोगी कार्यक्रम सञ्चालन गर्ने,<br>ग. अन्य विषयगत क्षेत्रका कार्यक्रमहरुमा पनि महिला एवं सङ्कटासन्न समुदाय र बस्तीहरूलाई लक्षित जीविकोपार्जनका कार्यक्रमहरू पहिचान गरी कार्यान्वयन गर्ने । |

| क्र.सं. | रणनीति | कार्यनीति |
|---|---|---|
| ७ | जलवायु उत्थानशीलताको सन्दर्भमा स्थानीय तहलाई बढी उत्तरदायी बनाउन प्रभावकारी अनुगमन / मूल्याङ्कन संयन्त्र बनाई लागु गर्ने | क. स्थानीय तहमा अनुगमन/मूल्याङ्कन संयन्त्र तयार गर्ने,<br>ख. अनुगमन/मूल्याङ्कन संयन्त्रले नियमित अनुगमन गर्ने। |
| ८ | विपद् जोखिम न्यूनिकरण गर्न सरकारी लगानी बढाउने। | क. विपद् जोखिम पूर्व सुचना संसन्त्रको विकास गर्न लागनी बढाउने<br>ख. विपद् जोखिममा रहेका बस्ति तथा बासिन्दालाई एकिकृत बस्ति निर्माण गर्ने।<br>ग. समग्र विपद् व्यवस्थापन गर्न संस्थागत क्षमताको अभिबृद्धि गर्ने।<br>घ.सरकारी सह लगानीका लागि विभिन्न तहमा नीति, कार्यक्रम तथा योजना निर्माण गर्ने। |

## २.४.९ लैंगिक तथा सामाजिक समावेशिता, जीविकोपार्जन र सुशासन

समुदायको सेवा र नीतिलाई प्राथमिकता दिन नसक्नु, सीमान्तकृत समूह र महिलाहरुको सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक र वैज्ञानिक स्थिति कमजोर भएका कारण महिलाहरुको सहभागिता र सीमान्तकृत समूहहरुको प्रतिनिधित्व सीमित हुनु यस क्षेत्रको प्रमुख समस्याहरु हुन्। राज्यमा महिला र सीमान्तकृत समूहको प्रतिनिधित्व बढाउन, जातीय र वर्ग भेदभावको अन्त्य गर्न, यौन तथा घरेलु हिंसाको उन्मूलन, सीमान्तकृत समूह र महिलाहरुको जीवनस्तरमा सुधार गर्न अधिकार प्रयोग गर्ने वातावरण बनाउन जरुरी छ। जलवायु परिवर्तन नीति २०७६ ले जलवायु सम्बध्द नीति निर्माण, संस्थागत संरचना तथा कार्यक्रम कार्यान्वयनमा सुशासन र लैंगिक तथा सामाजिक समवेशिकरणलाई मूल प्रवाहीकरण गर्दै जीविकोपार्जनमा सहजीकरण गर्ने नीति लिएको छ लुम्विनी प्रदेशमा यो नीति कार्यान्वयन गर्न निम्नानुसारका रणनीति तथा कार्यनीति तर्जुमा गरिएको छः

| क्रासं। | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | जलवायु परिवर्तनबाट पर्ने असर र अनुकूलन प्रविधिलाई समावेशी, समन्यायिक र उत्पादनमूलक बनाउन महिला तथा सङ्कटासन्न सिमान्तकृत समुदायको सहभागिता र नेतृत्व सुनिश्चित गर्ने | **क.** क्षेत्रगत कार्यक्रम सञ्चालनमा सम्भव हुने सबै तहमा महिला तथा सामाजिक सहभागितालाई सुनिश्चित गर्ने,<br>**ख.** महिला तथा सिमान्तकृत समुदायको नेतृत्व विकास तथा सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्ने,<br>**ग.** जलवायुजन्य विपदको कारण महिला तथा सिमान्तकृत वर्गहरु वातावरणीय शरणार्थीको रुपमा विस्थापित हुने भएकाले निर्णय गर्ने क्षमताको विकास र निर्णयमा अर्थपूर्ण सहभागिताका लागि चेतना वृद्धि, |
| २ | जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरुको जोखिममा रहेका घरधुरी र समुदायलाई लक्षित गरी जलवायु उत्थानशील जीविकोपार्जनका कार्यक्रम सञ्चालन गर्ने । | क. लाभांश, सेवा सुबिधा र निर्णय प्रक्रियामा संकटासन्न समुदाय तथा महिलाको पहुँच र प्रभाव/नियन्त्रणका लागि उनीहरुको नेतृत्व मात्रको समूह, बचत तथा ऋण वा अन्य बहुउद्देश्यि सहकारीहरुलाई अनुदान वा बिशेष सहुलियतको व्यवस्था गर्ने,<br>ख. हरित अर्थतन्त्र मार्फत रोजगारीका अवसरहरु सिर्जना गर्ने । |
| ३ | जलवायु परिवर्तनबाट प्रभावित घरधुरी, समुदाय एवम् जोखिम क्षेत्रहरुको पहिचान गरी स्थानीय ज्ञान, सीप तथा प्रविधिको प्रोत्साहन गरी सोही अनुरुप अनुकूलनका उपायहरुको अवलम्बन गर्ने । | क. जलवायु परिवर्तन अनुकूलनका लागि परम्परागत ज्ञान, सीप र प्रविधि हस्तान्त्रण, महिला तथा युवाहरुलाई तालिम प्रदान गर्ने,<br>ख. जलवायु परिवर्तनका असरहरु न्यून गर्न प्रकृतिमा आधारित समाधानका उपायहरु निर्धारण गरी महिला तथा सिमान्तकृत वर्गका लागि रोजगारीका अवसरहरु सृजना गर्ने,<br>ग. गरिब तथा विपन्न वर्ग विषेश गरी जोखिमयुक्त स्थानमा बसोबास गर्ने हुँदा बाढी, पहिरो, शितलहर, लू को असरबाट बढी प्रभावित हुने भएकाले महिलामैत्री गरिबी निवारणका जलवायुमैत्री योजना तयारी गरी कार्यान्वयन गर्ने,<br>घ. परम्परागत ज्ञान र सीपको संरक्षण, अभिलेखन, प्रसार गर्न विद्यालय शिक्षामा समेत समावेश गर्ने । |

| क्रासं। | रणनीति | कार्यनीति |
|---|---|---|
| ४ | जलवायु परिवर्तनसँग सम्बन्धित सूचना र प्रविधिमा पहुँच अभिवृद्धि गरी पारदर्शी तरिकाबाट अनुकूलनका कार्यक्रमहरु सञ्चालन गर्ने | **क.** जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनमा सहभागितामूलक योजना तयारी, कार्यान्वयन र अनुगमन तथा समिक्षा गर्ने,<br>**ख.** जलवायु परिवर्तन अनुकुलनमा महिला, जनजाती तथा सिमान्तकृत समुदायको क्षमता वृद्धि गर्ने,<br>**ग.** जलवायुजन्य विपदका अवस्थामा पनि सामाजिक न्यायलाई प्राथमिकतामा राख्ने,<br>**घ.** राष्ट्रिय नीतिहरुको स्थानीयकरण गरी आवश्यकतामा आधारित जलवायुमैत्री कार्यक्रम सञ्चालन गर्ने । |
| ५ | जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन कार्यक्रमहरु सञ्चालन गर्दा पारदर्शिता, जवाफदेहिता र सक्रिय जनसहभागिता सुनिश्चित गर्ने | क. जलवायुजन्य विपद्बाटहुने क्षति न्यून गने विपद् पूर्व सूचना प्रणालीको विकास गर्ने र त्यसमा लक्षित वर्गको पहुँचको लागि सचेतना तथा क्षमता बिकास गर्ने,<br>ख. जलवायुजन्य विपद्का कारण प्रभावित व्यक्ति तथा घरधुरीहरुको खण्डीकृत तथ्याङ्क तयार पार्ने र सो अनुरुप न्यायोचित सहयोगको व्यवस्था गर्ने । |
| ६ | जलवायु परिवर्तनबाट सृजित महिलाको बढ्दो कार्यबोझ कम गर्ने प्रविधिको विकास र विस्तार गर्ने | क. महिला तथा सङ्कटासन्न समुदायको अनुकूलन क्षमता अभिवृद्धि गर्न वित्तीय स्रोतमाथिको पहुँच सुनिश्चित गर्ने,<br>ख. जल उपलब्धतामा कमीले महिलाको कार्यबोझमा वृद्धि गरी जलस्रोत तथा जलाधार क्षेत्र संरक्षणमा महिला, जनजाति र स्थानीय समूहलाई सहभागी बनाउने । |

## २.४.१० जनचेतना अभिवृध्दि तथा क्षमता विकास

राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले जलवायु परिवर्तनको प्रभाव र जोखिम सम्बन्धमा जनचेतना अभिवृध्दि गर्दै न्यूनीकरण र अनुकुलनका उपायहरु अवलम्बन गर्न स्थानीय समुदायलगायत सबै सरोकारवालाहरुको क्षमता विकास गर्ने नीति लिएको छ र यसको कायान्वयनको लागि यस प्रदेशले निम्नानुसारका रणनीति तथा क्रियाकलाप तर्जुमा गरेको छ ।

| क्रासं। | रणनीति | कृयाकलापहरु |
|---|---|---|
| १ | जलवायु परिवर्तन र यसका प्रभाववारे जनचेतना अभिबृध्दी गर्ने | क. प्रदेश तथा स्थानीय तहका प्रतिनिधि तथा स्थानीय समुदायको जलवायु परिवर्तन र यसको प्रभाववारे चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने । |
| २ | स्थानीय सुमुदायमा जलवायु अनुकूलन क्षमता विकास गर्ने | क. समुदायस्तरमा अनुकुलन कार्ययोजना तयारी तथा कार्यन्वयन गर्ने,<br>ख. अनुकूलन कार्य सञ्चालन गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने कर्यनीति अख्तियार गर्ने । |
| ३ | पाठ्यक्रममा जलवायु परिवर्तन अनुकुलन र न्युनीकरणको विषय समावेश गरी पठनपाठन गराउने | क. जलवायु परिवर्तन र यसको प्रभाव तथा अनुकूलन र न्यूनीकरणका उपाय समावेश भएको पाठ्यक्रम तयार पर्ने,<br>ख. विद्यालय क्षिक्षकलाई पाठ्यसामाग्रि पठनपाठनबारे तालिम दिने । |
| ५ | सञ्चारमाध्यमबाट नागरिकलाई जलवायु परिवर्तनको प्रभाव र असरवारे चेतना जागृत गर्ने | क. जलवायु परिवर्तनसम्वन्धी प्रचार प्रसार सामाग्री तयार गर्ने,<br>ख. रेडियो, टेलिभिजनवाट जलवायु परिवर्तनको प्रभाव र असरवारे चेतना जागृत गर्ने<br>ग. जलवायू परिवर्तनको प्रभाव बारे एकिकृत स्वास्थ नीति अनुसरण गर्दै सचेतनाका कार्यक्रम सञ्चालन गर्ने । |

## २.४.११ अनुसन्धानप्रविधि , विकास तथा प्रसार

राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले जलवायु परिवर्तनसंग सम्बन्धित अध्ययन, अनुसन्धान एवं प्रविधि विकास र प्रसारलाई प्रोत्साहन गर्ने नीति लिएको छ। यसको कार्यान्वयनका लागि प्रदेशले निम्नानुसारका रणनीति तथा कार्यनीति तर्जुमा गरेको छ :

| क्र.सं. | रणनीति | कार्यनीति |
| --- | --- | --- |
| १ | जलवायु परिवर्तनको विषयमा सचेतनामूलक सामग्री प्रकाशन, प्रसारण गर्ने | क. सञ्चार माध्यमहरुलाई जलवायु परिवर्तनको विषयमा सचेतना मुलक सामग्री तयार गरी प्रकाशन गर्न सहयोग गर्ने । |
| २ | स्थानीय क्षेत्रमा भएको जलवायु परिवर्तनको असर र प्रभावबारे अनुसन्धान गर्ने | क. समुदायस्तरमा छलफल तथा अन्तरक्रिया गरी जलवायु परिवर्तन सम्वन्धी समस्याको विश्लेषण गर्ने । |
| ३ | जलवायू परिवर्तन सम्बन्धी क्षेत्रगत विषयहरुमा अनुसन्धानका विषयहरु पहिचान गरी अनुसन्धान गर्ने । | क. क्षेत्रगत रुपमा जलवायू परिवर्तन, अनुकुलन र न्यूनिकरणका लागि आवश्यकता अनुसार ज्ञान, सीप र प्रविधिको विकास गर्न अनुसन्धानका विषयहरु छनौट गर्ने ।<br>ख. अध्ययन अनुसन्धानमा लगानी बढाउने ।<br>ग. अनुसन्धानबाट प्राप्त नतिजाको कार्यान्वयन गर्ने । |

## २.४.१२ जलवायु वित्त व्यवस्थापन

राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले जलवायु परिवर्तनसम्वन्धी नीतिहरुको कार्यान्वयनका लागि राष्ट्रिय स्रोतको पहिचान गर्नुका साथै यस सम्वन्धी द्विपक्षीय, वहुपक्षीय तथा अन्तरास्ट्रिय वित्तीय स्रोतमा पहुँच बढाई सबै स्रोतको न्यायोचित रुपमा परिचालन गर्ने नीति लिएको छ । यस नीति कार्यान्वयनमा प्रदेशले निम्नानुसारका रणनीति तथा कार्यनीति सञ्चालन गर्नेछ :

| क्र.सं | रणनीति | कार्यनीति |
| --- | --- | --- |
| १ | संघीय सरकारमार्फत रेडप्लस, हरित जलवायु कोष , अन्तराष्ट्रिय वातावरणीय सुविधा, अनुकुलन कोष, जलवायु लगानी कोष, कार्वन व्यापार जस्ता आर्थिक संयन्त्रवाट प्राप्त हुने वित्त स्रोतको परिचालन गर्ने | क. रणनीति तथा कार्ययोजनाले तय गरेको कार्यक्रमलाई प्राथमिकीकरण गरी वार्षिक कार्यक्रम तर्जुमा गर्ने,<br>ख. महिला, अल्पसंख्यक, पिछडिएका वर्ग, जलवायु परिवर्तन प्रभावित क्षेत्र र सङ्कटासन्न समुदाय लक्षित वजेट विनियोजन सुनिस्चित गर्ने,<br>ग. सम्बन्धित निकायमा जलबायु वित्त सम्बन्धि ज्ञान तथा तालिम दिने,<br>घ. वातावरणीय सेवा शुल्क भुक्तानी कार्यक्रम सञ्चालन गर्ने । |
| २ | प्रदेशले जलवायु परिवर्तन व्यवस्थापन गर्न सबै मन्त्रालय र निकायबाट वजेट विनियोजन गर्ने । खर्चको अभिलेख सुनिश्चित गर्ने | क. प्रदेश मन्त्रालयहरुले क्षेत्रगत रणनीति र कृयाकलाप कार्यान्वयन गर्न पर्याप्त वजेट तर्जुम गर्ने । जलवायु परिवर्तन वजेट कोडको अनिवार्य प्रयोग गर्ने,<br>ख. प्रदेशमा जलवायु परिवर्तन वजेट कोडसम्बन्धी तालिम तथा ज्ञान दिने । |
| ३ | संस्थागत सामाजिक उत्तरदायित्वको रुपामा निजी क्षेत्रको वित्त परिचालनलाई प्रोत्साहन गर्ने | क. सामाजिक उत्तरदायित्व वहन गर्ने संस्थाको लागत अध्यावधिक गर्ने,<br>ख. निजी तथा सामाजिक संस्थावाट हुने सामाजिक उत्तरदायित्वको वजेट, रणनीति अनुसार कार्यान्वयन गर्न अभिप्रेरित गर्ने ।<br>ग. निजी क्षेत्रलाई जलवायू वित्तमा लगानी लगाउने वातावरण सृजना गर्न प्रदेश सरकारले जलवायू वीत्त सम्बन्धी नीतिगन र कानुनी व्यवस्था गर्ने । |

# परिच्छेद ३ रणनीति तथा कार्ययोजना कार्यान्वयन

## ३.१. संस्थागत संरचना

क. रणनीतिमा उल्लेख भएका नीति तथा कार्ययोजना कार्यान्वयन गर्दै लक्ष्य तथा उद्देश्य हासिल गर्न उल्लेखित विषयसंग सम्वन्धित मन्त्रालय एवं स्थानीय तहहरुले आ-आफ्नो योजना र कार्यक्रमहरुमा मुलप्रवाहिकरण तथा एकीकरण गरी कार्यन्वयन गर्ने छन् ।

ख. प्रदेश मुख्य मन्त्रीको अध्यक्षतामा वातावरण तथा जलवायु परिवर्तन परिषद गठन गरी वातावरण र जलवायु परिवर्तनसम्वन्धी कार्यको समिक्षा एवं मार्ग निर्देश गरिने छ ।

ग. प्रदेशस्तरमा जलवायु परिवर्तनको बिषयमा समन्वय गर्न वन तथा वातावरण मन्त्रालयको संयोजकत्वमा अन्तर मन्त्रालय जलवायु परिवर्तन समन्वय समिति गठन गरिने छ ।

घ. प्रदेशका सम्वन्धित विषयगत मन्त्रालय तथा स्थानीय तहहरुमा जलवायु परिवर्तन शाखा, इकाई वा सम्पर्क विन्दुको व्यवस्था गरिने छ ।

ङ. जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणसम्वन्धी प्रदेशको लागि आवस्यक अनुसन्धान, प्रविधि विकास र प्रसारको समन्वय वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयले गर्ने छ ।

## ३.२ अनुमानित बजेट

रणनीति तथा कार्ययोजनाको अवधि १० वर्षको हुने छ । रणनीति तथा कार्ययोजना लक्षित कार्यक्रम सम्पन्न गर्न कूल वजेट **रु १३३४६०० लाख** लागत अनुमान गरिएको छ । यसको विस्तृत अनुमान **अनुसूची १** मा दिईएको छ । यो अनुमानित लागतमा आन्तरिक र बाह्य स्रोतहरुवाट योगदान हुने गरी प्रक्षेपण गरिएको छ । आन्तरिक स्रोतमा संघीय सरकारबाट प्राप्त हुने अनुदान, प्रदेश सरकारले विनियोजन गर्ने रकम, निजी र सामाजिक क्षेत्रबाट हुने योगदान रहने छन । बाह्य स्रोतहरुमा प्रेदेशमा प्राप्त हुने दातृ निकाय र विकास साझेदारहरुबाट प्राप्त हुने द्विपक्षीय र बहुपक्षीय सहयोग रहने छ । रणनीति र कार्ययोजनाको कार्यान्वयनमा लाग्ने कूल वजेट मध्ये आन्तारिक स्रोतबाट **६५ प्रतिशत** र बाह्य स्रोतबाट ३५ **प्रतिशत** योगदान हुने अनुमान गरिएको छ ।

आन्तरिक श्रोत मध्ये नीजि क्षेत्रबाट कृषि तथा खाद्य सुरक्षा,उर्जा उत्पादन, पयैटन,उद्योग क्षेत्रमा हुने अनुमान गरिएको छ । नीजि क्षेत्रको योगदान कूल रकमको **३० प्रतिशत** आँकलन गरिएको छ । संघीय,प्रदेश र स्थानीय सरकार तथा नीजि क्षेत्रबाट हुने योगदान घटाई कमी हुन जाने रकम बाह्य क्षेत्रबाट हुनपर्ने अनुमान गरिएको छ । यसको लागि विकास साझेदार संग संघीय सरकारको समन्वय र सहयोग हुन आवश्यक छ ।

## ३.३ तीन तहका सरकार र साझेदार संघसंस्थाहरुको भूमिका

रणनीति तथा कार्ययोजना अनुसार प्रदेश र स्थानीय तहबाट कार्यान्वियन हुने कार्यक्रमहरु प्रदेश र स्थानीय तहले कार्ययोजना वनाई कार्यान्वियन गर्ने छन् । यो रणनीति तथा कार्ययोजना कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तहको भूमिका निम्न बमोजिम हुने छः :

### संघ

क. जलवायु परिवर्तनसम्बन्धी द्विपक्षीय, बहुपक्षीय तथा अन्तरास्ट्रिय वित्तीयसम्बन्धी प्राप्त एवं राष्ट्रिय स्रोतवाट प्राप्त रकम यो रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्न प्रदेश र स्थानीय तहलाई उपलव्ध गराउने,

ख. प्रदेश तथा स्थानीय तहले रणनीति तथा कार्ययोजना अनुरुप कार्यान्वयन गरेको उपलब्धि तथ्यांक समावेश गरी राष्ट्रिय प्रतिवेदन तयार पारी सम्बन्धित अन्तराष्ट्रिय संस्थामा पेश गर्ने,

ग. रणनीतिको कार्यान्वयन सम्बन्धमा वन तथा वातावरण मन्त्रालयद्वारा र आवश्यकता अनुसार अन्य विषयगत निकायहरुको संग्लनतामा अनुगमन तथा मुल्याङ्कन गर्ने ।

### प्रदेश

क. रणनीति र कार्ययोजना अनुसार वार्षिक योजना तथा कार्यक्रम तयार पारी कार्यान्वयन गर्ने, गराउने,

ख. प्रदेशभित्र सञ्चालित जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण कार्यहरुको अनुगमन र मूल्याङ्कन गर्ने,

ग. जलवायु परिवर्तनसँग सम्वन्धित कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न संघ तथा स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने,

घ. रणनीति तथा कार्ययोजना अनुसार भएको कार्य प्रगति वार्षिक रुपमा संघलाई उपलब्ध गराउने ।

ङ. रणनीति तथा कार्ययोजनाको कार्यान्वयन बाट सिकिएका सिकाइ तथा आवश्यकताका आधारमा जलवायू परिवर्तन व्यवस्थापन सम्बन्धी नीति, कानुन, योजना तर्जुमा गर्ने ।

### स्थानीय तह

क. यो रणनीति अनुसार स्थानीय तहस्तरीय नीति, निर्देशिका, मापदण्ड र योजना तयार गरी लागु गर्ने, गराउने,

ख. जलवायु परिवर्तनसँग सम्वन्धित कार्यक्रम तर्जुमा र कार्यन्वयन गर्न आवश्यकता अनुसार प्रदेश सरकार तथा विषयगत मन्त्रालयसँग समन्वय र सहकार्य गर्ने,

ग. सङ्घीय तथा प्रदेश सरकार अन्तर्गतसम्बन्धी निकायहरु, गैरसरकारी संस्था, समुदाय, निजी क्षेत्र, शैक्षिक संस्थालगायतका सरोकारवालाहरुको समन्वय र सहकार्यमा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका कार्यक्रमहरु कार्यान्वयन गर्ने,

घ. आफ्नो क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन, मूल्यांकन र अभिलेखीकरण गर्ने,

ङ. जलवायु परिवर्तनसम्बन्धी जनचेतना अभिबृध्दि गर्ने,

च. जलवायुजन्य विपद् व्यवस्थापन गर्न आवश्यकता, औचित्य हेरी युवा स्वयंसेवक लगायतका समिति गठन गरी परिचालन गर्ने ।

## साझेदार संघ-संस्थाहरु

क. रणनीति कार्यान्वयनका लागि वित्तीय सहायता, प्रविधि र क्षमता विकासमा सहयोग गर्ने,

ख. सहभागितामुलक अध्ययन अनुसन्धान र ज्ञान विकासमा सहयोग गर्ने ।

## निजी क्षेत्र

जलवायू वित्तमा सहभागीता, उद्यमशीलता विकास, बजारसँगको सम्बन्ध स्थापना तथा विस्तार र साझेदारी विकासमा सहयोग गर्ने ।

## सामुदायिक सघं-सस्था र संजाल

रणनीति कार्यान्वयन गर्न व्यवस्थापन, स्रोत र कार्यक्रम साझेदारी गर्ने ।

### ३.४ क्षमता विकास

रणनीति कार्यान्वयन गर्न प्रदेश, स्थानीय तहका सरकारी एव अन्य साझेदार संघ-संस्था, समुदायका सघं-सस्था तथा संजालहरुको प्रत्यक्ष भूमिका भएकाले क्षमता विकास आवश्यक छ। क्षमता विकासको लागि प्रदेशस्तरीय क्षमता विकास रणनीति तथा कार्ययोजना तयार गर्न सकिनेछ । विशेष गरी क्षमता विकासका लागि जलवायु परिवर्तन अनुकूलन, नवितम प्रविधिहरुको अध्ययन अनुसन्धान र अभिलेखिकरण व्यवस्थापन जस्ता विषयलाई ध्यान दिईने छ ।

### ३.५ अनुगमन तथा मूल्यांकन

रणनीति तथा कार्ययोजनाको अनुगमनको प्रारूप यसप्रकार हुनेछ :

#### ३.५.१ अपेक्षित प्रतिफलको अनुगमन

रणनीति तथा कार्ययोजनाबाट अपेक्षित उपलब्धिहरूको अनुगमन प्रदेश वन तथा वातावरण मन्त्रालयले आवधिक रूपमा गर्नेछ । विषयगत निकायसँग समन्वय गरी अनुगमन गरिनेछ । अनुगमनको नतिजा जलवायु परिवर्तन समन्वय समितिको बैठकमा प्रस्तुत गरी छलफल गरिनेछ । अनुगमन प्रतिवेदनले औँल्याएका विषय कार्यान्वयन गरिनेछ । अनुगमन प्रतिवेदन संघीय वन तथा वातावरण मन्त्रालयमा समेत पठाउनुपर्ने छ ।

३.५.२. योजनाको कार्यान्वयनको अनुगमन

आवधिक रूपमा यो रणनीति तथा कार्ययोजनाको अनुगमन भएतापनि कार्यान्वयन योजनाका क्रियाकलापहरू सम्बन्धित निकायहरूले रणनीति कार्यन्वयन गर्दा गरिने कार्य हुन् । त्यसैले अनुगमन करणनीति तथा कार्ययोजनामा तोकिएको अनुसार समयमै कार्यान्वयन गर्दा सम्पन्न भएका क्रियाकलापमा आधारित हुनेछन् ।

३.५.३ कार्ययोजनाको अनुगमनः

प्रस्तुत गरिएका कार्ययोजनाहरू बिभिन्न रणनीति अन्तर्गत निर्धारित लक्ष्य हासिल गर्नका लागि विशेष क्रियाकलापहरू हुन । यी कार्ययोजनाहरू अल्पकालीन, मध्यकालीन, र दीर्घकालीन रुपमा कार्यान्वयन हुने छन् । यी कार्ययोजना कार्यान्वयनको अनुगमन समयमै सम्पन्न भएका कार्यहरूलाई आधार मानी गरिनेछ ।

३.५.४ मूल्याङ्कन

सम्बन्धित मन्त्रालय र प्रदेश तरीय अन्तरमन्त्रालय जलबायु परिवर्तन समन्वय समिति आन्तरिक वा वाह्य पक्षलाई सम्लग्न गराई मूल्याङ्कन गर्नेछन्।

लक्ष्य, उद्देश्य र रणनीतिहरूको नतिजाको मूल्याङ्कन निम्नबमोजिम हुनेछ ।

## लक्ष्य

लक्ष्य उपलब्धीको मूल्याङ्कन तेस्रो पक्षबाट गरिनेछ ।

## उद्देश्य

उद्देश्य उपलब्धीको मूल्याङ्कन क्षेत्रगत निकायहरूबाट नै गरिनेछ ।

## रणनीति

रणनीतिहरूको नतिजाको उपलब्धीहरूको अनुगममन तथा मूल्याङ्कन फारामको आधारमा नियमित अनुगमन र मूल्याङ्कनको प्रक्रिया अनुसार नै गरिनेछ ।

## मूल्याङ्कन अवधि

### क) पहिलो मूल्याङ्कन

यस रणनीतिको पहिलो मूल्याङ्कन तीन वर्षपछि हुनेछ । मूल्याङ्कनले यो रणनीति तथा कार्ययोजनाको संस्थागत संरचना, कार्यान्वन विधि र कार्यान्वयन वातावरणमा मूल्याङ्कन गर्नेछ । मूल्याङ्कनले महत्वकांक्षी लक्ष्यहरू परिष्कृत गरिनेछन् ।

### ख) मध्यकालीन मूल्याङ्कन

रणनीतिको मध्यकालीन मूल्याङ्कन सातौ वर्षमा हुनेछ । मूल्याङ्कनले कार्ययोजनाको नतिजाको आधारमा हुनेछ ।

**ग) अन्तिम मूल्याङ्कन**

रणनीतिको अन्तिम मूल्याङ्कन १० वर्ष पछि गरिनेछ ।ं मूल्याङ्कन समग्र रणनीति र नतिजाको आधारमा गरिनेछ ।

**अनुगमन तथा मूल्याङ्कन समिति**

आवश्यकता र औचित्य पुष्टि हुनेगरी प्रदेश सरकारले अनुगमन तथा मूल्याङ्कनका लागी छुट्टै संयन्त्र स्थापना गरी परिचालन गर्न सक्नेछ ।

**अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन**

रणनीतिको विभिन्न तहमा गरिएको मूल्याङ्कनको प्रतिवेदन सम्बन्धित निकाय, जलवायु परिवर्तन समन्वय समिति र नेपाल सरकार समक्ष पेश गर्नुपर्ने छ । प्राप्त सुझावहरूलाई रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्दा आन्तरिकीकरण गरिनेछ ।

## ३.६ सिकाई व्यवस्थापन

सिकाई व्यवस्थापन यस रणनीति तथा कार्ययोजनाको कार्यान्वयनवाट निस्कने ज्ञान तथा असल अभ्यासहरुको व्यवस्थापन र प्रचार प्रसारको लागि एक अभिन्न अंग हुने छ । यो रणनीति तथा कार्ययोजना जलवायु परिवर्तनको सम्वन्धमा भएका ज्ञान र सिकाईको वारेमा अनुसन्धान, दस्तावेजिकरण गरी त्यसको जानकारी सरोकारवाला निकायहरु सम्म पु-याउन सञ्चार मध्यम तथा शैक्षिक संस्थाहरुसंग सहकार्य गरिने छ । यो रणनीति तथा कार्ययोजनाको उपलब्धि तथा सिकाईको प्रचार प्रसारको लागि प्रदेश वन तथा वातावरण मन्त्रालयको एक वेब पोर्टलको व्यवस्था गर्नेछ । यसमा यस रणनीति तथा कार्ययोजना कार्यान्वयनको क्रममा विभिन्न निकायहरुवाट सम्पादन भएका काम तथा सिकाइलाई समावेश गरिने छ । यस पोर्टलको मध्यमवाट बहुसरोकारवालाहरुको बहस तथा सम्वाद अभिवृद्धिको मध्यमवाट प्रदेश संघीय मन्त्रालयलाई रणनीति तथा कार्ययोजनाको सम्वन्धमा पृष्टपोषण मिल्ने छ ।

## ३.७. जोखिम

रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्न प्रस्तावित आर्थिक स्रोतको उपलव्धता चुनौती पूर्ण हुने सक्नेछ। साथै रणनीति अनुसारका प्रस्तावित कार्यक्रमहरु सञ्चालन गर्न आवस्यक संस्थागत संरचना, प्रविधि र प्राविधिक जनशक्तिको उपलव्धता कार्यन्वयनको वाधक हुनसक्ने छ । यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयनमा अन्तर मन्त्रालय, स्थानीय तहसंगको नीतिगत समानता र प्रभावकारी समन्वयमा कमी हुनसक्ने देखिन्छ ।

## सन्दर्भ सामाग्री


- जलवायु परिवर्तनसम्बन्धी लैंगिक तथा सामाजिक समावेशीकरण नीति तथा कर्ययोजना (२०७७-२०८७) नेपाल सरकार
- जलवायु परिवर्तन सम्वन्धमा तेस्रो राष्ट्रिय निर्धारित योगदान (NDC 3.0), २०८२ नेपाल सरकार
- वन तथा वातावरण मन्त्रालय, सङ्कटासन्न तथा जोखिम आंकलन / अनुकलनका अभ्यासहरुको पहिचानः नीति निर्माताहरुको लागि सारांश प्रतिवेदन,
- Obserbed Climate Trend Analysis in the Districts and physiographic Regions of Nepal (1971-2014), Deprtment of Hydrology and Meteorology, Kathmandu.
- लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६) प्रदेश सरकार,लुम्बिनी प्रदेश, प्रदेश योजना आयोग ।
- लुम्बिनी प्रदेश सरकार, विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना २०७९( **२०८७** लुम्बिनी प्रदेश, प्रादेशिक पार्श्वचित्र, २०७७
- राष्ट्रिय अनुकुलन योजना २०७८ नेपाल सरकार
- राष्ट्रिय जलवायू परिवर्तन नीति,२०७६ नेपाल सरकार
- Kandel.P.(2025). Review of Climate Actions and Environmental Polices in the Hindu Kush Himalayan Region: Summaty for Policymakers. ICIMOD.https://doi.org/10.53055/ICIMOD.1092.
- MoFE, 2019. Climate change scenarios for Nepal for National Adaptation Plan (NAP). Ministry of Forests and Environment, Kathmandu.
- UNDP, 2025. Adaptation Finance Strategy Guideline, 2025. United Nations Development Program (UNDP).

# अनुसूची १ अनुमानित बजेट

| क्र. सं | विषयगत क्षेत्र र रणनीति | अनुमानित बजेट (रु लाखमा) |
|---|---|---|
| १ | **कृषि तथा खाद्य सुरक्षा क्षेत्र** | २३०००० |
| | प्रदेश स्तरमा भूमिको वर्गिकरण गरी क्षमता अनुसारको कृषि प्रणाली अवलम्वन गर्ने | १०००० |
| | कृषि बालीका वीउ (जीन) बैंक स्थापना गरी कृषकले चाहना गरेका कृषि बालीको गुणस्तर वीउ सहज उपलब्ध गराउने । | १५००० |
| | जलवायु उत्थानशील खेती प्रणालिको प्रवर्धन गरिनेछ | ४०००० |
| | संरक्षित खेती प्रणालिको विकास, प्रवर्धन र विस्तार गरिने छ | २५००० |
| | सामुदायिक अन्न भण्डार (धर्म भकारी) प्रवर्धन गरिने छ | ३०००० |
| | पशु आहार विकास र प्रवर्धन गर्ने | ४०००० |
| | कृषि व्यवसाय र कृषि उद्यम विकास प्रवर्धन गर्ने | ४५००० |
| | बालीमा पारेको प्रभाव, डुवान र सुख्खा खडेरी सहनसक्ने स्थानीय बालीको अनुसन्धान तथा विकास गरिने छ | ५००० |
| | कृषि उपजको उतपादन, उत्पादकत्व वृद्धि गर्ने, खाद्य सुरक्षा र प्रतिस्पर्धी क्षमता विकास गर्ने | २०००० |
| २ | **वन, जैविक विविधता तथा जलाधार संरक्षण क्षेत्र** | १५५६०० |
| | विद्यमान वनले ढाकेको क्षेत्रफल कायम राख्न, वन क्षेत्रको खण्डीकरण, वन क्षेत्रको क्षयीकरण रोक्न र भू उपयोग परिवर्तनलाई निरुत्साहीत गर्ने नीति अंगिकार गर्ने | ६००० |
| | वनको दिगो व्यवस्थापन गरी वन पैदावार उत्पादन र कार्बन सञ्चिति अभिवृद्धि गर्ने | ५०००० |
| | जलवायु उत्थानशील पारिस्थितिकीय प्रणालीको प्रवर्धन गर्ने | ३०००० |
| | वन डढेलोको रोकथाम र व्यवस्थापन गर्ने | १०००० |
| | एकीकृत जलाधार व्यवस्थापन गर्ने | ४०००० |
| | रैथाने प्रजातीको संरक्षण तथा मिचाहा प्रजाति नियन्त्रण गर्ने | ५००० |
| | नीजि, सार्वजनिक तथा नदी उकास जग्गामा वन तथा कृषि वन विकास र विस्तार गर्ने | २०००० |
| ३ | **जलश्रोत तथा उर्जा क्षेत्र** | ३३६००० |
| | पानीको उपलव्धता कम भएको र सुख्खापन धेरै भएको क्षेत्रमा पानीको संचिति तथा किफायती प्रयोग विधिहरुको प्रवर्ध्दन गर्ने | १००० |
| | भूमिगत जलस्रोतको पुनर्भरण एवं बहुपयोग गर्ने | १०००० |
| | नवीकरणीय उर्जाको उत्पादन तथा प्रयोग बढाउने | ५०००० |
| | जलविद्युत र सौर्य उर्जावाट विद्युत उत्पादन तथा प्रयोग गर्ने | २००००० |

| | | |
|---|---|---|
| | कृषि जमिनमा सिंचाई गर्न सौर्य पम्प प्रणालीलाई विस्तार गर्ने | २०००० |
| | खाना पकाउने इन्धनको लागि संम्भावित क्षेत्रमा बायोग्यास प्लान्ट स्थापना गरी प्रयोग गर्न प्रोत्साहन गर्नुका साथै विजुलीको प्रयोग गर्ने | २०००० |
| | फोहोरबाट उर्जा उत्पादन गर्न विद्यालय, क्याम्पस, अस्पताल, प्रहरी र सैनिक व्यारेक, वृद्धआश्रम, धार्मिक क्षेत्रमा बायोग्यास प्लान्ट स्थापना गर्ने | ३०००० |
| | जैविक उर्जाको किफायती प्रयोजनको लागि घरायसी माटो/फलामको सुधारिएको चुल्होको प्रवर्द्धन गर्ने | ५००० |
| ४ | **ग्रामिण र शहरी बसोवास क्षेत्र** | **११३०००** |
| | जलवायु परिवर्तन जोखिम विश्लेषणको आधारमा प्रदेश स्तरीय भू उपयोग योजना तर्जुमा गरी आवास, कृषि, वन तथा औद्योगिक क्षेत्रहरुको निर्धारण गर्ने | ३००० |
| | शहरी तथा ग्रामिण क्षेत्रमा वसोवास गर्ने समुदायहरुको जलवायु जन्य जोखिम न्यूनिकरण गर्न जलवायु अनुकूलन कार्यक्रमहरु संचालन गर्ने | ३०००० |
| | वस्ती विकास योजनामा न्यूनकार्बन उत्सर्जन प्रविधि एवं अनुकुलन कार्यहरु समावेश गर्ने | २०००० |
| | जलवायु जन्य प्रकोप संवेदनशील क्षेत्रको वस्ती स्थानान्तरण गरी सुरक्षित स्थानमा एकिकृत वस्ती विकास गर्ने | ५०००० |
| | शहरी क्षेत्रका समुदाय तथा परिवारहरुको बढ्दो तापक्रम संग अनुकुलित हुने क्षमता विकास गर्ने | १०००० |
| ५ | **उद्योग, यातायात र भौतिक पूर्वाधार क्षेत्र** | **११५७००** |
| | प्रदेश स्तरीय औद्योगिक कृयाकलापमा जलवायु जन्य विपद् जोखिमको अवस्था पहिचान गर्ने | ७०० |
| | जलवायु जन्य जोखिमबाट भौतिक पूर्वाधार, उद्योग, तथा यातायात प्रणालीमा क्षति न्यूनिकरण गर्ने | २०००० |
| | सडक लगायत भौतिक पूर्वाधार निर्माण गर्दा संभावित जलवायु जन्य विपद् जोखिम नियन्त्रण गर्ने | ३०००० |
| | उद्योग तथा यातायात क्षेत्रमा उर्जा किफायती प्रविधि र विद्युतीय उर्जाको प्रयोगलाई प्रवर्धन गर्ने | ३०००० |
| | जलवायु उत्थानशील भौतिक पूर्वाधार विकास गर्ने | ३५००० |
| ६ | **पर्यटन, प्राकृतिक तथा संस्कृतिक सम्पदा क्षेत्र** | ६०००० |
| | महत्वपूर्ण प्राकृतिक, संस्कृतिक र सामाजिक सम्पदाको संरक्षण र प्रवर्धन गर्ने | ३०००० |
| | जलवायु-स्मार्ट र वातावरण मैत्री पुर्वाधारका इञ्जिनियरिङ्ग डिजाइनको विकास र प्रवर्धन गर्ने | ५००० |
| | उत्थानशील पर्यटकीय गाउ शहरको विकास गर्ने | २५००० |
| ७ | **स्वास्थ्य, खानेपानी र सरसफाई क्षेत्र** | **११००००** |
| | स्वच्छ खानेपानीको पहुँच र उपलब्धता वृद्धि गर्ने | ४०००० |
| | फोहोर मैलाको उचित व्यवस्थापन गर्ने | ३०००० |

| | | |
|---|---|---|
| | जलवायु परिवर्तन जन्य संक्रामक रोगको महामारी फैलिन नदिन पूर्वतयारी, पूर्वानुमान, तथा रोकथाम गर्ने | २०००० |
| | जलवायु उत्थानशील भौतिक पूर्वाधार विकास गर्ने | २०००० |
| ८ | **विपद जोखिम न्यूनिकरण र व्यवस्थापन क्षेत्र** | २०१००० |
| | भूमिको उपयुक्तता र संवेदनशीलताको आधारमा व्यवस्थापन गर्ने | ५००० |
| | विपद् जोखिम क्षेत्रहरुको पहिचान, नक्सांकन गरी संवेदनशील क्षेत्रहरुको संरक्षण गर्ने | १००० |
| | प्रदेश र स्थानीय तहमा विपद् व्यवस्थापन नीतिहरुको कार्यान्वयन र संस्थागत संरचना सुदृढ गर्ने | १००००० |
| | विपद् जोखिम पूर्व सूचना सम्यन्त्र विकास गर्ने | ३०००० |
| | संवेदनशील क्षेत्रका स्थानीय तहमा सुरक्षित आवास योजना तयार पारी एकिकृत वस्ती विकास गर्ने | ६०००० |
| | जलवायु परिवर्तनका कारण अति जोखिममा रहेका घरधुरीका परिवार तथा समुदायको लागि जीविकोपार्जन कार्यहरु लागू गर्ने | ३०००० |
| | जलवायु उत्थानशीलताको सन्दर्भमा स्थानीय तहलाई बढी उत्तरदायी बनाउन प्रभावकारी अनुगमन / मूल्याङ्कन संयन्त्र बनाई लागु गर्ने | ३००० |
| | विपद् जोखिम न्यूनिकरण गर्न सरकारी लगानी बढाउने । | २००० |
| ९ | **लैंगिक तथा सामाजिक समवेशिता, जीविकोपार्जनमा र सुशासन क्षेत्र** | **८३०००** |
| | विभिन्न क्षेत्रमा जलवायु परिवर्तनबाट पर्ने असर र अनुकूलन प्रविधिलाई समावेशी, समन्यायिक र उत्पादनमूलक बनाउन महिला तथा सङ्कटासन्न समुदायको सहभागिता र नेतृत्व सुनिश्चित गर्ने | १०००० |
| | जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरुको जोखिममा रहेका घरधुरी र समुदायलाई लक्षित गरी जलवायु उत्थानशील जीविकोपार्जनका कार्यक्रमहरु तथा वैकल्पिक जीविकोपार्जनका अवसरहरु उपलब्ध गराउने | ४०००० |
| | जलवायु परिवर्तनबाट प्रभावित घरधुरी, समुदाय एवम् जोखिम क्षेत्रहरुको पहिचान गरी स्थानीय ज्ञान, सीप तथा प्रविधिको प्रोत्साहन गरी सोही अनुरुप अनुकूलनका उपायहरुको अवलम्वन गरिनेछ | २०००० |
| | विभिन्न भाषा, वर्ग, संस्कृति, उमेर, लिङ्ग र अपांगता भएका व्यक्ति र समूहहरुको जलवायु परिवर्तनसँग सम्बन्धित सूचना र प्रविधिमा पहुँच अभिवृद्धि गरी पारदर्शी तरिकाबाट अनुकूलनका कार्यक्रमहरु सञ्चालन गर्ने | १०००० |
| | जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन कार्यक्रमहरु सञ्चालन गर्दा पारदर्शिता, जवाफदेहिता र सक्रिय जनसहभागिता सुनिश्चित गर्ने | १००० |
| | जलवायु परिवर्तनबाट सृजित महिलाको बढ्दो कार्यबोझ कम गर्ने प्रविधिको विकास र विस्तार गर्ने | २००० |
| १० | **जनचेतना अभिवृध्दि तथा क्षमता विकास क्षेत्र** | **२२०००** |
| | जलवायु परिवर्तन र प्रभाव वारे जनचेतना अभिबृध्दि गर्ने | ९००० |
| | स्थानीय सुमुदायमा जलवायु अनुकूलन क्षमता विकास गर्ने | १०००० |

| | | |
|---|---|---|
| | स्थानीय संचार माध्यममा विशेष गरी रेडियो टेलिभिजनको प्रयोग गरी नागरिकहरुलाई जलवायु परिवर्तनको प्रभाव र असर वारे चेतना जागृत गर्ने | २००० |
| ११ | **अनुसन्धान एवं प्रविधि विकास र प्रसार क्षेत्र** | **२००००** |
| | जलवायु परिवर्तनको विषयमा सचेतनामूलक सामग्री प्रकाशन, प्रसारण गर्ने | ६००० |
| | जलवायु परिवर्तनको असर र प्रभावबारे अनुसन्धान गर्ने | ९००० |
| | जलवायू परिवर्तन सम्बन्धी क्षेत्रगत विषयहरुमा अनुसन्धानका विषयहरु पहिचान गरी अनुसन्धान गर्ने । | ५००० |
| १२ | **जलवायु वित्त व्यवस्तापन क्षेत्र** | **१५०००** |
| | संघिय सरकार मार्फत  रेडप्लस, हरित जलवायु कोष, अन्तरास्टिय वातावरणीय सुविधा, अनुकुलन कोष, जलवायु लगानी कोष, कार्वन व्यापार जस्ता आर्थिक संयन्त्रवाट प्राप्त हुने वित्त स्रोतको परिचालन गर्ने | ९००० |
| | जलवायु परिवर्तन वजेट विनियोजन तथा खर्चको अभिलेख सुनिश्चित गर्ने | १००० |
| | संस्थागत सामाजिक उत्तरदायित्वको मध्यमबाट निजि क्षेत्रको वित्त परिचालनलाई प्रोत्साहन गर्ने | ५००० |